हुम्ला तथा मुगुका प्राथमिकता प्राप्त

# जडीबुटीहरू



Good Neighbors International

SIDC




## हुम्ला तथा मुगुका प्राथमिकता प्राप्त जडीबुटीहरू

**प्रकाशकः** स्नोल्याण्ड एकीकृत विकास केन्द्र, हुम्ला, नेपाल

**प्रथम संस्करणः** माघ २०७३ (January 2017)

यस पुस्तकमा उल्लेख गरिएका वनस्पतिहरू र तिनको विवरण स्व-उपयोगका लागि नभएर जानकारीका लागि मात्र दिइएको हो । विज्ञहरूको सल्लाह र सुझावबिना तिनीहरूको प्रयोग हानीकारक हुनसक्छ ।

© सर्वाधिकार प्रकाशकमा सुरक्षित

**आवरण तस्विरः** प्रज्वल श्रेष्ठ, Good Neighbors International Nepal
**सम्पादनः** सुरथ गिरी, नेपाल ल्याङ्ग्वेज एण्ड रिसर्च सोलुसन्स

यो पुस्तक Good Neighbors International Nepal को आर्थिक तथा प्राविधिक सहयोगमा प्रकाशन गरिएको हो ।

हुम्ला तथा मुगुका प्राथमिकता प्राप्त

# जडीबुटीहरू

Good Neighbors International

SIDC

# प्राक्कथन

सामाजिक–आर्थिक हिसाबले महत्त्वपूर्ण र औषधीय गुणले भरिपूर्ण विभिन्न जडीबुटी तथा गैरकाष्ठ वनपैदावारमा नेपाल, अझ विशेषगरी नेपालको कर्णाली क्षेत्र निकै धनी रहेको कुरा सर्वविदित नै छ । यद्यपि, उचित ज्ञान र बजारको अभाव, प्रशोधन क्षमताको अभावले गर्दा ती जडीबुटी तथा गैरकाष्ठ वनपैदावार मुल्य अभिवृद्धि नगरीकन नै विक्रीवितरण तथा निर्यात भइरहेको पाइएको छ जसको कारणले गर्दा देशले ठूलो आम्दानीको स्रोत गुमाइरहेको छ । ठूलो मात्रामा कच्चा अवस्थामा रहेका जडीबुटी निर्यात गर्दा पनि थोरै मात्र आम्दानी हुने अवस्था विद्यमान छ । यसै सन्दर्भमा, गुड नेबर्स इन्टरनेशनलले हुम्ला र मुगु जिल्लामा त्यहाँका स्थानीय समुदायहरूलाई विभिन्न मूल्यवान जडीबुटीहरूको व्यवसायीक खेती गर्नका लागि सहयोग पुऱ्याउदै आएको छ । यसका अतिरिक्त हुम्लाको दार्मा गाविसको रिमी गाउँमा जडीबुटी प्रशोधन केन्द्र स्थापना गरेर जडीबुडीहरू प्रशोधन गरी तिनबाट निकालिएका तेल, स्याम्पु जस्ता उच्च मूल्यका उत्पादनहरू कोरियालगायतका विभिन्न देशमा निर्यात गर्न सहयोग पनि गरिरहेको छ । यसले स्थानीय समुदायको आयस्तर तथा जीवनस्तरमा वृद्धि हुनुका साथै देशको राजस्व वृद्धि गर्नमा पनि सहयोग पुगिरहेको छ ।

यसै सन्दर्भमा ती स्थानहरूमा पाइने महत्त्वपूर्ण जडीबुटी तथा गैरकाष्ठ वनपैदावारहरूको प्रवर्द्धन र दिगो विकासका लागि जनचेतना अभिवृद्धि गर्ने र एउटा जानकारीमूलक र भरपर्दो सन्दर्भ सामग्री तयार पार्ने उद्देश्यले यो पुस्तक तयार पारिएको छ । विभिन्न उपलब्ध सन्दर्भ सामग्रीहरूको अध्ययन र स्थानीय ज्ञानको आधारमा तयार पारिएको यस पुस्तकले जडीबुटी तथा गैरकाष्ठ वनपैदावारको खेती वा विक्रीवितरणमा संलग्न हुन चाहने व्यक्तिहरूलाई सहयोग गर्नेछ भन्ने अपेक्षा हामीले लिएका छौं । यस पुस्तकलाई प्रकाशन गर्न आर्थिक रूपमा सहयोग उपलब्ध गराउनुहुने गुड नेबर्स इन्टरनेशनललाई हार्दिक धन्यवाद दिन चाहन्छौं ।

गोविन्द शाही
**स्नोल्याण्ड एकीकृत विकास केन्द्र**
हुम्ला

# भूमिका

गुड नेवर्स इन्टरनेश्नल एक अर्न्तराष्ट्रिय गैर सरकारी संस्था हो जसले सन् २००२ देखि नै समाज कल्याण परिषद्सँग स्विकृत लिई शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, आय आर्जन तथा बाल संरक्षणका क्षेत्रमा साभेदार संस्था मार्फत नेपालका १३ वटा जिल्लाहरू (काठमाण्डौं, ललितपुर, कैलाली, बर्दिया, डोटी, बाजुरा, दार्चुला, मुगु, हुम्ला, म्याग्दी, पर्वत, कास्की र गोरखा) मा आफ्ना सेवाहरू संचालन गर्दै आइरहेको छ । यस संस्थाले आगामी सन् २०१६-२०२० सम्मको लागि समाज कल्याण परिषद्सँग कार्यक्रम सम्भौता समेत गरिसकेको छ ।

विश्व बजारमा जडीबुटीजन्य उत्पादनका माग दिनानुदिन बढ्दै गइरहेको छ, त्यसमा पनि उच्च भू-भागमा पाइने जडीबुटीहरू को माग अतुलनीय र विशेष रहेको छ । नेपालको उच्च भू-भाग विशेष गरी हुम्ला तथा मुगु जिल्लामा पाइने बहुमूल्य जडीबुटी तथा गैरकाष्ठ वन पैदावार त्यहाँको गरिबी उन्मूलन तथा आयआर्जनको मुख्य श्रोत रहेको छ। नेपालको लगभग ९०% बहुमूल्य जडीबुटी बिना प्रशोधन कच्चा रूपमा नै विदेश निकासी हुँदै आइरहेको छ जसले यस क्षेत्रमा आश्रित मानिसहरू ले सही मूल्य तथा अवसर गुमाइरहेका छन् । नेपालमा सामाजिक-आर्थिक हिसाबले उन्नतिको सम्भावना बोकेको जडीबुटीजन्य वस्तु उत्पादन गर्ने उद्योग स्थापनाले त्यस क्षेत्रमा गरिबी उन्मुलन गर्न सहयोग मिल्दछ । सोही उद्येश्य लिएर गुड नेबर्स इन्टरनेशनल नेपालले बजारमुखी उत्पादन मार्फत जडीबुटीमा आश्रित कृषकहरू को आयश्रोतमा स्थायीत्व प्रदान गर्ने तथा हुम्ला तथा मुगु जिल्लामा पाइने बहुमूल्य जडीबुटीमा अधारित उद्योग विकास गर्ने उद्देश्यले सञ्चालित मूल्य अभिवृद्धिकरणद्वारा ग्रामीण आयआर्जन कार्यक्रम (VIVA Project) सञ्चालन गर्दै आएको छ ।

विशेषगरी हुम्ला तथा मुगु जिल्लामा पाइने जडीबुटीहरू को दिगो व्यवस्थापन, कानुनी व्यवस्था, परिचय, महत्व, रोयल्टी दर, जडीबुटी व्यापारीहरू को विवरण जस्ता जानकारीहरू यस पुस्तकमा संलग्न गरिएको छ जुन जडीबुटी खेतीमा संलग्न किसानहरू , व्यापारीहरू , अनुसन्धानकर्ता, विद्यार्थी, सरोकारवाला व्यक्ति एवं संघ संस्थाहरू , लगानीकर्ताहरू जस्ता विभिन्न सरोकारवालाहरू को लागि अवश्यै उपयोगी हुनेछ ।

म गुड नेबर्स इन्टरनेशनल नेपालको तर्फबाट यस पुस्तकको लेखन तथा प्रकाशनमा आर्थिक सहयोग पुर्‍याउने Korea International Cooperation Agency (KOICA) लाई विशेष धन्यवाद दिन चाहन्छु । त्यसैगरी पुस्तक प्रकाशनको लागि जडीबुटीका तस्वीरहरू उपलब्ध गराउनु हुने नेपाल सरकार, वनस्पति विभाग प्रति आभार व्यक्त गर्दछु साथै हाम्रो अन्तरराष्ट्रिय साभेदार H Plant Pvt. Ltd. लाई प्रति धन्यवाद ज्ञापन गर्दछु । हाम्रो स्थानीय साभेदार संस्था स्नोल्याण्ड एकीकृत विकास केन्द्रका गोविन्द शाहीलाई यो पुस्तिकाको जानकारी संलग्न तथा लेखनमा अथक प्रयास गर्नु भएकोमा धन्यवाद दिन चाहन्छु । साथै गुड नेबर्स इन्टरनेशनलका नेपालका कर्मचारी प्रज्वल श्रेष्ठलाई सामाग्री विकास गर्न, सम्पादनमा सहयोग गर्ने नेपाल ल्याङ्वेज एण्ड रिसर्च सोलुसन्सका सुरथ गिरी, स्थलगत काममा सहयोग गर्ने बर्ख बहादुर शाही र साथै पुस्तक प्रकाशनमा संलग्न तथा सम्पूर्ण कर्मचारीहरू तथा शुभचिन्तकहरू प्रति कृतज्ञता व्यक्त गर्दछु ।

**मिन हो चोई**
**राष्ट्रिय निर्देशक**
गुड नेबर्स इन्टरनेशनल नेपाल

# विषय सुची


खण्ड १ः जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार (गै.का.व.पै.)सम्बन्धी सामान्य जानकारी १
खण्ड २ः प्रमुख व्यवसायिक जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावारको उत्पादन तथा व्यवस्थापन विधि ७
अतिस ७
अल्ला ८
कुट्की ९
कुरिलो १०
केशर ११
चिराइतो १२
जटामसी १३
टिमुर १४
डालेचुक १५
पदमचाल १६
पाँचऔले १७
लौठसल्लो १८
सतुवा १९
सुगन्धवाल २०
गुच्ची च्याउ २१
यार्सागुम्बा २२
गुर्जो २३
काकरसिङ्गी २४
चुत्रो २५
निर्मसी २६
शिलाजित २७
मजिठो २८
ओखर २९
भुतकेश ३०
घोडताप्रे ३१
पाखनवेद ३२
विष ३३
भोजपत्रको बोक्रा ३४

हुम्ला/मुगु जिल्लामा पाइने केही महत्त्वपूर्ण गैरकाष्ठ वन पैदावारहरू को दिगो व्यवस्थापन तौरतरीका ३५
अनुसूची १ः कर्णाली अञ्चलमा पाइने जडीबुटी तथा तिनको रोयल्टी दर ४६
अनुसूची २ः हुम्ला जिल्लामा कार्यरत सरकारी कार्यालयहरू ४७
अनुसूची ३ः हुम्ला जिल्लामा कार्यरत एयरलाईन्सका कार्यालयहरू ४८
अनुसूची ४ः हुम्ला जिल्लामा गठन तथा दर्ता भएका सामुदायिक वनको विवरण ४९
अनुसूची ५ः हुम्ला जिल्लाका जडिवुटी व्यापारीको विवरण ५०
अनुसूची ६ः नेपालगंजमा रहेका जडीबुटी व्यापारीहरू ५२
अनुसूची ७ः काठमाण्डौंका जडीबुटी व्यावसायीहरूको ठेगाना, सर्म्पक नम्बर ५३
अनुसुची ८ः खच्चड व्यवसायीको नाम ५४

# खण्ड १

# जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार (गै.का.व.पै.) सम्बन्धी सामान्य जानकारी

नेपालमा हाल करिब ११८ किसिमका पारिस्थितिक प्रणालीहरू रहेका छन् भने करिब ५,८८४ प्रजातिका फूल फुल्ने र अन्य फूल नफुल्ने गरी जम्मा १०,०९१ प्रजातिका वनस्पतिहरू सूचीकृत भैसकेका छन् । यी मध्ये करिब ७०० प्रजातिहरू को औषधीय महत्व रहेको प्रमाणित भइसकेको छ ।

मानव स्वास्थ्यमा अत्यन्तै महत्त्वपूर्ण भूमिका खेल्ने र ग्रामीण जनजीवनको जीविकोपार्जनमा प्रत्यक्ष टेवा पुग्ने हुँदा जडीबुटी एवम् गैरकाष्ठ वन पैदावारसँग सम्बन्धित वानस्पतिक प्रजातिहरू को महत्व नेपालमा अत्यन्तै उच्च रहेको तथ्य निर्विवाद छ जुन कुराबाट कर्णाली अञ्चल समेत टाढा रहन सक्दैन । जडीबुटी एवम् गैरकाष्ठ वन पैदावारको खेती, संकलन, बेचविखन र उपयोग लगायतका कार्यहरू परम्परागत ढंगबाटै हुने गरेको हुँदा अपेक्षित लाभ लिन नसकिएको विषय धेरै पहिले देखि नै उठान भएतापनि उल्लेखनीय सुधार नभएको अवस्था छ । नेपाल सरकारले १२ वटा प्रजातिहरू लाई खेती गर्न सकिने भनी सूचीकृत गरेको छ भने नेपालका औषधीजन्य गैरकाष्ठ वन पैदावार प्रजातिहरू मध्ये ३० प्रजातिलाई अति उपयोगी प्रजातिका रूपमा संरक्षण र विकासका लागि प्राथमिकतामा राखेको छ ।

## जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावारको दिगो व्यवस्थापन

जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावारको उत्पादनका लागि प्राकृतिक उत्थानमा प्रतिकुल असर नपर्ने गरी सततः रूपमा जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावारको उत्पादन लिन सक्ने गरी गरिएको व्यवस्थापन प्रविधिलाई जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावारको दिगो व्यवस्थापन भनिन्छ । हालको जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावारको आवश्यकतालाई पूरा गर्न भविष्यको आवश्यकतालाई समेत प्रतिकूल असर नपर्ने गरी गरिएको व्यवस्थापन नै दिगो व्यवस्थापन हो ।

## दिगो व्यवस्थापनको लागि अपनाउनु पर्ने विधिहरू :

- जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावारको संकलन, व्यवस्थापन तथा उत्पादन गर्न वन ऐन नियमका साथसाथै प्रचलित कानूनको पालना भएको हुनुपर्छ ।
- चोरी संकलन एवम् समूह बीचको विवाद हटाई समतामूलक ढंगबाट जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावारको सदुपयोग भएको हुनु पर्छ ।
- कुनैपनि वन क्षेत्रबाट जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावारको उत्पादन बढाउने गरी व्यवस्थापन गरिएको हुनपर्छ ।
- जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावारको संकलन गर्दा तिनीहरू को लोप हुने अवस्था सृजना हुनु हुँदैन र उचित संरक्षण भएको हुनुपर्दछ ।
- जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार व्यवस्थापनको छुट्टै योजना बनाई स्रोत सर्वेक्षणको आधारमा जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार संरक्षण गर्ने व्यवस्था मिलाई दुर्लभ जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावारको संरक्षण विधि उल्लेख भएको हुनुपर्छ ।
- वन क्षेत्रमा जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावारको वृद्धिदर, पुनरूत्थान, वनको अवस्थाको लेखाजोखा गर्न सक्ने सूचाङ्क (Indicators) तय भएको हुनुपर्छ ।
- जडीबुटी संरक्षणको दृष्टिकोणबाट आवश्यकता अनुरूप जडीबुटी संकलनमा समेत केही समयको लागि प्रतिबन्ध लगाउन सक्ने व्यवस्था भएको हुनुपर्छ ।

## जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावारको दिगो व्यवस्थापनको महत्व

**जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावारको दिगो व्यवस्थापनबाट देहाय अनुसारका फाइदाहरू हुने गर्दछन्:**

### आर्थिक फाइदाहरू

- जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार विक्री वितरणबाट आर्थिक रूपमा ग्रामीण समुदायले फाइदा प्राप्त गर्दछन् ।
- जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावारको उत्पादनबाट औषधिजन्य उद्योगहरू लाई कच्चा पदार्थको दिगो रूपमा आपूर्ति हुन्छ ।
- विदेशबाट आयात गर्नु पर्ने औषधि स्वदेशमा नै उत्पादन हुन सक्छ ।
- राष्ट्रिय अर्थतन्त्रमा नै टेवा पुग्न जान्छ ।
- स्वदेशमा रोजगारीका नयाँ अवसरहरू बढ्दै जान्छन् ।
- आर्थिक क्रियाकलापमा वृद्धि हुन जान्छ ।

### सामाजिक फाइदाहरू

- स्थानीयस्तरमा ग्रामीण जनताहरू ले रोजगारीको अवसर पाउदछन् ।
- गाऊँ घरमा नै पर्याप्त रोजगारीको सिर्जना हुन गएमा विदेशमा जाने हाम्रो जनशक्ति स्वदेशकै विकासमा परिचालन हुन्छन् ।
- गाँउघरमा परम्परागत रूपबाट हुँदै आएको जडीबुटीको औषधिमूलो कार्यले तिव्रता पाउने गर्दछ र त्यसले गर्दा जडीबुटीको परम्परागत ज्ञान लोप हुन पाउँदैन ।
- ग्रामीण समुदायले विदेशबाट वा बाहिरबाट आयातित औ षधिहरू मा गर्ने खर्चमा कमी हुन जानेछ ।
- मानिसको स्वास्थ्यमा राम्रो प्रभाव पर्नेछ र आम जनतालाई स्वस्थ नागरिकको जीवनयापन गर्न पाउने अवसर प्राप्त हुनेछ ।

## वातावरणीय एवम् जैविक विविधता संरक्षणमा पुग्ने योगदान

जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावारको दिगो व्यवस्थापनबाट वातावरणमा र जैविक विविधता संरक्षणमा सकारात्मक प्रभाव पर्दछ ।

### वातावरणमा पार्ने प्रभावहरू

- भू-संरक्षणको दृष्टिकोणबाट ठूला ठूला रूखहरू भन्दा स-साना बोटबिरूवाहरू को उपस्थितिले बढी महत्व राख्दछ ।
- राम्रोसँग जमिनको ढक्कन (Ground Cover) हुनको लागि जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावारको पनि महत्व छ ।
- जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावारले पानीको बहाव (Run-off) लाई कम गर्दै चिसोपना (Moisture) कायम राख्दछन् र अरु बोटबिरूवाहरू लाई हुर्कन र बढ्नलाई समेत मद्दत गर्दछन् ।
- जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावारको उचित संरक्षण एवम् व्यवस्थापनबाट जलाधारको संरक्षण र व्यवस्थापन हुन जान्छ ।
- यसले प्राकृतिक रूपमा रहेका मूल, नदीनालाहरू मा पानीको बहावमा निरन्तरता कायम गरिदिन्छ ।
- पहाडी भू-भाग स्वच्छ पानीको स्रोतका भण्डार हुन् । यी जलस्रोतका भण्डारको संरक्षणमा जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावारले ठूलो मद्दत पुऱ्याउँदछन् ।

### जैविक विविधतामा पार्ने प्रभावहरू

- नेपाल सानो मुलुक भएतापनि जैविक विविधताको हकमा निकै धनी रही आएको छ । विश्वको कूल भू-भागको ०.१ प्रतिशत नेपालले ओगटेको छ भने विश्वमा पाइने जैविक विविधताको करिब २.०१ प्रतिशत नेपालमा पाइन्छ ।

- जैविक विविधतालाई अक्षुण राख्न हाम्रा अपार जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावारको ठूलो महत्व छ ।
- जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावारको संरक्षण हुँदै गएमा यसको प्रभावबाट अन्य जीवाणु (Organisms) हरू को वृद्धिमा समेत अनुकूल प्रभाव पर्न जान्छ ।
- ठूला ठूला रूखहरू भन्दा स-साना बोटबिरूवाहरू लोपहुने सम्भावना बढी भएको हुँदा जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावारहरू को संरक्षण भएमा जैविक विविधताको पनि संरक्षण हुन जान्छ ।

## जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावारको पुनरूत्थानमा असर पार्ने तत्त्वहरू

जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावारको पुनरूत्थानमा असर पार्ने कारक तत्त्वहरू निम्नानुसार रहेका छन् ।

- बीउ नपाक्दै बिरूवा संकलन (Pre-mature collection) गर्नु ।
- जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार संकलन गर्दा बीउ उत्पादनको लागि बिरूवा नछोड्नु ।
- संकलन गर्दा जरैसम्म संकलन हुँदा जराबाट उत्पादन हुने बिरूवाको पुनरूत्पादनमा ह्रास आउनु ।
- पुनरूत्पादन हुन सक्ने क्षमता भन्दा बढी मात्रामा जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावारको संकलन हुने (Over exploitation) ।
- अति चरीचरण (Overgrazing), जसले गर्दा बीउ नै उत्पादन हुन पाउँदैन ।
- आगलागी (Forest Fire) ।
- अवैज्ञानिक संकलन प्रविधि ।
- संकलन चक्र (Colletion Period/cycle) को वास्ता नगरी वर्षेनी लगातार रूपमा एउटै वनक्षेत्रबाट जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार संकलन गर्दै जानु ।
- अनुपयुक्त समयमा संकलन गरिनु ।

## जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावारको बिरूवा रोपण बारे सामान्य प्राविधिक जानकारी

- नर्सरीमा बिरूवा उत्पादन भइसकेपछि ती जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावारका बिरूवालाई उपयुक्त ठाउँमा उपयुक्त तरीकाले रोप्नु पर्छ ।
- बिरूवा रोप्नुभन्दा पहिले बिरूवा रोप्ने ठाउँको तयारी गर्नुपर्छ ।
- बिरूवा रोपण गर्ने ठाउँलाई सफा गर्नुपर्छ ।
- बिरूवा कति दूरीमा रोप्ने हो सो योजना बमोजिम खाडल खनी तयार गर्नुपर्छ ।
- खाडलमा उपयुक्त किसिमले केही मात्रामा प्राङ्गारिक मल समेत मिसाउनु पर्छ ।
- बिरूवा सामान्यतया मनसुन शुरू भएपछि रोप्नु पर्छ ।

## बिरूवा ढुवानी र रोपण विधि

- बिरूवा ढुवानी गर्दा नबिग्रिने गरी गर्नुपर्छ ।
- सकभर बिरूवा नर्सरीबाट निकालेकै दिन रोप्ने गर्नसक्ने व्यवस्था मिलाउनु पर्छ ।
- खाली जरा भएको बिरूवा (Bare Root Plant) नर्सरीबाट निकालेकै दिनमा रोप्दा उचित हुने हुँदा सोही बमोजिम ढुवानी गर्ने व्यवस्था मिलाउनु पर्छ ।
- पोलिथिनमा उमारेको बिरूवा भए पोलिथिन हटाएर रोप्नु पर्छ तर माटोको ढिका (Soil Bole) फुटाउनु हुँदैन ।
- बिरूवा रोप्दा राम्रोसँग माटो थिची जमिनको सतहसम्म माटो भर्नु पर्छ र बिरूवा रोपेको खाडलमा पानी जम्न दिनु हुँदैन ।

## बिरूवा रोपण गरेपछिको संरक्षणको व्यवस्था

- बिरूवा रोपण गरेको क्षेत्रलाई चरीचरण र आगलागीबाट जोगाउनु पर्छ ।
- बिरूवालाई समयसमयमा गोडमेल गर्नुपर्छ ।
- आवश्यकता अनुरूप मलजल गर्नुपर्छ ।
- बिरूवाहरूमा रोग, किरा आदि लागेमा सकभर विषादीको प्रयोग नगरी जैविक उपायहरू को अवलम्बन गर्नुपर्छ ।
- बिरूवा मरेको ठाउँमा नयाँ बिरूवा रोपण गर्नुपर्छ ।

## जडीबुटी सुकाउने र भण्डारण गर्ने विधि

जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावारमा ५० देखि ८० प्रतिशत सम्म पानीको मात्रा रहेको हुन्छ । सुकाउने प्रक्रियाले गर्दा जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावारमा कुनै रसायनिक परिवर्तन हुँदैन । ढुसी र किरा रोग लाग्नबाट पनि बचाउन सकिन्छ । यसले गर्दा लामो समयसम्म बचाई राख्न सकिन्छ । जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार चार किसिमले सुकाउन सकिन्छ ।

(क) घाममा सुकाउनेः जरा, काण्ड, बोक्रालाई गुन्द्री वा मान्द्रोमा फिजाएर विशेषगरी घाममा सुकाउनु पर्छ ।

(ख) छहारीमा सुकाउने : केही जडीबुटी घाममा सुकाउदा रसायनिक परिवर्तन हुन सक्ने भएको हुँदा र तिनीहरू मा भएको सुगन्ध नाश हुन सक्ने हुँदा गुन्द्री वा मान्द्रोमा पातलो गरी फिजाएर छहारी वा हावा लाग्ने ठाउँमा सुकाउनु पर्दछ ।

(ग) घाम र छहारी दुवैमा सुकाउनेः केही जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावारलाई घाम र छहारी दुवै मा सुकाउन सकिन्छ । शुश्रमा पानीको मात्रा बढी भएको अवस्थामा घाममा सुकाउने र पछि छहारीमा सुकाउने गर्नुपर्छ ।

(घ) नियन्त्रित तापक्रममा सुकाउनेः यस विधिमा विशेष प्रकारले बनाएको ताप र हावाको सञ्चार नियन्त्रित भएको कोठामा सुकाइन्छ । अगेनो माथि मचान बनाएर पनि सुकाउन सकिन्छ ।

### भण्डारण

राम्रोसँग सुकाई सकेपछि जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावारलाई तिनीहरू को प्रकृति हेरी जुटको बोरा वा प्लाष्टिकको ठूलो बट्टा वा हावा नछिर्ने बाल्टिन आदिमा प्याकेजिङ्ग वा मुट्ठा बाँधी भण्डारण गर्नुपर्छ । भण्डारण गर्दा निम्न कुरामा ध्यान दिनुपर्छ ।

- भण्डारण गर्ने कोठा ओभानो र हावा लाग्ने तथा ओस नआउने हुनुपर्दछ ।
- भण्डारण गर्ने कोठामा कुनै किसिमको कीरा, फोहोर हुनुहुँदैन र कीटनाशक औषधि छरेर एक/दुई दिन राखि छोडेपछि मात्र जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार भण्डारण गर्नुपर्दछ ।
- भण्डार कोठामा भुईँबाट ओस वा चिसो आउन सक्ने भएको हुँदा सुकेको काठको फल्याक बिछ्याई सो माथि प्याकिङ्ग गरेको जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार राख्नुपर्छ ।
- भण्डार कोठामा मुसा वा अन्य कीरा छिर्ने प्वाल हुनुहुँदैन ।
- समय समयमा चेकजाँच गरी राख्नु पर्दछ र लामो समयसम्म भण्डारण गर्नुपर्ने भएमा बीच-बीचमा पुनः सुकाउनु पर्दछ ।

## जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावारको प्याकेजिङ्ग र लेबलिङ्ग

### प्याकेजिङ्ग गर्नुपर्ने कारणहरू

- गुणस्तर कायम गर्न र लामो समयसम्म सुरक्षित राख्न ।
- उत्पादित जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावारलाई बिग्रनबाट बचाउन ।
- उत्पादित जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावारको ढुवानी सरल र सहज बनाउन ।
- उत्पादित जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावारको विश्वसनीयता कायम गराउन ।
- उत्पादित जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावारलाई आकर्षिक र सहज रूपमा बजारमा पुर्‍याउन ।

### प्याकेजिङ्ग गर्दा ध्यान दिनुपर्ने कुराहरू

- आकर्षक हुनुपर्छ ।
- कम खर्चिलो हुनुपर्छ ।
- सुविधाजनक हुनुपर्छ ।
- सुरक्षित हुनु पर्छ ।
- सूचनामूलक हुन पर्छ ।
- ओस नलाग्ने हुनु पर्छ ।

### लेबलिङ्

प्याकेजिङ् गरेको जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावारको प्याकमा त्यस जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावारको सूचनामूलक परिचय बनाई चिन्ह लगाउने कार्यलाई लेबलिङ् भनिन्छ । लेबलिङ्मा निम्न कुराहरू उल्लेख गरिएको हुनुपर्छ ।

- उत्पादित जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावारको नाम, तौल र संकलन मिति ।
- उत्पादित जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावारको संकलन गरेको क्षेत्र र प्याकिङ् मिति ।
- उत्पादित जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावारको शुद्धता ।
- जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार प्रयोग गर्ने विधि र त्यसबाट हुने फाइदा ।
- जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार उत्पादन गर्ने संस्थाको नाम ।
- उत्पादित जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावारको प्रयोग गर्न सकिने अवधि ।

### मूल्य अभिवृद्धिका लागि गुणात्मक वस्तु उत्पादन र बजार व्यवस्थापन

नेपालमा पाइने जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावारको विक्रीवितरण एकदमै साधारण तवरले गर्ने गरिन्छ । अलिकति सतर्कता मात्र अपनाउन सकेमा गुणस्तरमा वृद्धि गरी मूल्यमा अभिवृद्धि गर्न सकिने ठूलो अवसर प्राप्त हुनसक्छ । मूल्य अभिवृद्धिका लागि निम्न कुरामा ध्यान दिनुपर्छ ।

- गुणस्तर कायम गर्नुपर्दछ ।
- राम्रोसँग सुकेको हुनुपर्दछ ।
- उचित किसिमले ग्रेडिङ् गरी प्याकेजिङ् गर्नुपर्दछ ।
- उपयुक्त समयमा परिपक्व भइसकेपछि मात्र संकलन गरेको हुनुपर्दछ ताकि जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावारमा भएको रसायनिक सार तत्त्वहरू मा फरक नपरेको तथा सुगन्ध कायमै रहेको होस् ।
- जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावारमा अन्य वस्तुहरू वा झारपात मिलाई अशुद्ध बनाउनु हुँदैन ।

### बजार व्यवस्थापनको लागि निम्न कुराहरूमा निश्चितता कायम हुनु पर्दछ

- बजारको लागि आवश्यक मात्रामा चाहिने परिमाणको उत्पादन हुनुपर्दछ ।
- उत्पादित जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावारमा गुणस्तरको सुनिश्चितता हुनुपर्छ ।
- जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावारको दिगो उत्पादनको सुनिश्चितता हुनुपर्छ ।
- जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावारको उत्पादनको श्रोत प्रष्ट खुलेको हुनुपर्छ ।
- उत्पादित जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार दिगो वन व्यवस्थापनबाट प्राप्त भएको हुनुपर्दछ ।
- उत्पादित जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावारको संरक्षण र व्यवस्थापनको कुनैपनि प्रक्रियामा विषादी औषधिहरू प्रयोग भएको हुनुहुँदैन ।
- उत्पादित जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावारहरू विशुद्ध जैविक उत्पादन भएको प्रत्याभूति हुनु पर्दछ ।
- बजार प्रवर्धनको लागि जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार उत्पादन हुने वनको प्रमाणीकरण (Forest Certification) गर्ने व्यवस्था गर्नुपर्छ ।

## गैरकाष्ठ वन पैदावारसम्बन्धी कानुनी व्यवस्था

### नेपालमा संरक्षित वनस्पतिहरू

नेपाल सरकारले वन ऐन, २०४९ को दफा ७०(क) ले दिएको अधिकार प्रयोग गरी जैविक विविधता र वातावरण संरक्षणको प्रयोजनको लागि देहायका वन पैदावारहरू लाई देहाय बमोजिमको प्रतिबन्ध लगाएको छ :-

१. संकलन, उपयोग, बिक्रीवितरण, ओसारपसार र विदेश निकासीको लागि प्रतिबन्ध लगाइएका जडीबुटीहरू :-

क) पाँचऔंले (Dactylorhiza hatagirea)
ख) ओखरको बोक्रा (Juglans regia)

२. वनस्पति विभाग वा जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडको सिफारिसमा (आफ्नो उत्पादनको हकमा बाहेक) वन विभागको स्वीकृति लिएर नेपाल अधिराज्यभित्र प्रशोधन गरी सारतत्त्व निकासी गर्न अनमुति पाएको अवस्थामा बाहेक विदेश निकासीको लागि प्रतिबन्ध लगाइएका जडीबुटीहरू :-

क) जटामसी (Nardostachys grandiflora)
ख) सर्पगन्धा (Rauvolfia serpentina)
ग) सुगन्धकोकीला (Cinnamomum glaucescens)
घ) सुगन्धवाल (Valeriana jatamansi)
ङ) झ्याउ (Lichen spp)
च) तालिसपत्र (Abies spectabilis)
छ) लाठैं सल्ला (Taxus spp.)

३. वनस्पति विभाग वा जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडको सिफारिसमा (आफ्नो उत्पादनको हकमा बाहेक) वन विभागको स्वीकृति लिएर नेपाल अधिराज्यभित्र उमालेर सारतत्त्व निकाली (Boil and extract u/L) उपयुक्त ढंगले समिश्रण गरी निकासी गर्न अनमुति पाएको अवस्थामा बाहेक शिलाजित (Rock Exudat) लाई विदेश निकासीको लागि प्रतिबन्ध लगाइएको छ ।

४. वनस्पति विभाग वा जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडको सिफारिसमा (आफ्नो उत्पादनको हकमा बाहेक) वन विभागको स्वीकृति लिएर नेपाल अधिराज्यभित्र वाष्पिकरण र सम्वेष्ठन (Steaming and Packaging) गरी निकासी गर्न अनुमति पाएको अवस्थामा बाहेक यार्सागुम्बा (Hypocreaceae) लाई विदेश निकासी गर्न प्रतिबन्ध लगाइएको छ ।

५. व्यापारिक प्रयोजनको लागि कटान, ओसारपसार र विदेश निकासी गर्न प्रतिबन्ध लगाइएका रूखहरू :-

क) चाँप (Michelia champaka m. Kisopa)
ख) खयर (Acacia catechu)
ग) साल (Shorea robusta)
घ) सिमल (Bombax ceiba)
ङ) सतीसाल (Dalbergia latifolia)
च) विजयसाल (Pterocarpus marsupium)
छ) ओखर (Juglans regia) राष्ट्रिय वनको मात्र

# खण्ड २

# प्रमुख व्यवसायिक जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावारको उत्पादन तथा व्यवस्थापन विधि

## अतिस

| | |
|---|---|
| वैज्ञानिक नाम | : Aconitum heterophyllum Wall.ex Royle |
| नेपालीमा नाम | : अतिस |
| स्थानीय नाम | : अतिस, अतिसजरा |
| संस्कृत नाम | : अतिविषा |
| हिन्दी नाम | : अतिविष, विष |
| अङ्ग्रेजी नाम | : Atis Root, Indian aconite root |
| वानस्पतिक परिवार | : Ranuculaceae |

Photo: Prajwal Shrestha, GNI Nepal



### परिचय

यो १ मिटरसम्म अग्ला हुने झार वर्गको (Herbs) बहुवर्षीय गानायुक्त वनस्पति हो । पात ५ देखि १० सेमीसम्म लामो,चौडा मुटु आकारको हुन्छ । तलतिरका पातमा भेट्नु (Potiole) हुन्छ र पातको घेरा (margin) बीचमा वा फेदसम्म ५ खण्डमा बाँडिएको हुन्छ । पातको दुवै भागमा झुस झैं रौंहरू हुन्छन् । फूलहरू झुप्पामा फुल्छन् । फूलहरू हल्का झुस भएका गाढा नीलो वा नीलोमा हरियो रङ्ग मिसिएको हुन्छ । यसका प्याजी रङ्गको नसाहरू (Veins) हुन्छन् । क्याप्सुल फल पाँच वटा कोठा भएको ३ देखि ४ सेमीसम्म लामो गाढा खैरो रङ्गको चुच्चो परेको र नरम हुन्छन् । यसको नयाँ गाना करिब २ देखि ५ सेमीसम्म लामो, पातलो बोक्रा भएको धेरै मात्रामा मसिना जराहरू भएको त्रिकोण आकारको हुन्छ । यसको फूल भदौ असोजमा फुल्दछ र फल असोज देखि पुसमा पाक्दछ ।

### उपयोगी भाग

जरा वा कन्द (Rhizome), जसलाई स्थानीय वा व्यापारिक भाषामा अतिस जरा भनिन्छ । यसको जरा सेतो, पहेँलो, रातो वा कालो जातको हुन्छ । सेतो जातको सबैभन्दा राम्रो मानिन्छ ।

### प्राकृतिक वासस्थान

यो प्राकृतिक अवस्थामा समुन्द्री सतहबाट ३,२०० देखि ३,७०० मिटरसम्मको उचाइमा ओसिलो, चिसो मोहोडामा पाइन्छ । यो प्रजाति हिमालय क्षेत्रको स्वदेशी वनस्पति हो ।

### उत्पादन तथा बजार

खेती गर्दा प्रतिहेक्टर १,००० देखि २,५०० केजीसम्म सुकेको अतिस जरा उत्पादन हुने अनुमान गरिएको छ । विश्व बजारमा यसको अत्यधिक माग छ । यसको बजार मूल्य प्रति केजी रू. १,००० देखि १,२०० सम्म छ । यसको खेती गर्दा नाफा खर्चको अनुपात २२:३ हुने अध्ययनले देखाएको छ ।

# अल्लो

| | | |
|---|---|---|
| वैज्ञानिक नाम | : | Girardinia diversifolia (Link) Friis |
| नेपालीमा नाम | : | अल्लो, चाल्ने सिस्नु, ठूलो सिस्नु, भाङ्ग्र सिस्नु, लेकाली सिस्नु |
| स्थानीय नाम | : | आल्लो |
| संस्कृत नाम | : | रोमालु, लोमासा, वृश्चिका |
| हिन्दी नाम | : | विछवा |
| अङ्ग्रेजी नाम | : | Himalayan nettle, Stinging nettle |
| वानस्पतिक परिवार | : | Urticaceae (उर्टीक्यासी) |



## परिचय

यो २ देखि ३ मिटरसम्म अग्लो हुने सिस्नु परिवार भित्र पर्ने झार वर्गको बहुवर्षीय वनस्पति हो । पात र डाँठमा मसिना झुस (काडाँ) हुन्छन् । यसलाई छोएमा पोल्दछ । हत्केला आकारको (Palmate leaf) संयुक्त पात ४ देखि ५ भागमा विभक्त (4 to 5 lobed) हुन्छ । प्रत्येक खण्ड मालादार, चुच्चो टुप्पो भएको र किनारा करौतीको दाँत जस्तो (Toothed Margin) हुन्छ । पातको फेदमा २ देखि ३ वटासम्म नसाहरू (Viens) निस्किएका हुन्छन् । फूल सानो, लाम्चो, हरियो वा सेतो रङ्गको हुन्छ । र टुप्पामा वा काखीबाट पलाएको हाँगामा फुल्दछ । पोथी फूल ४० सेमी जति लामो र काँडा भएको हुन्छ र भाले फूल धेरै हाँगा भएको हुन्छ । फूलहरू बालामा फुल्दछन् । यसको फूल असार देखि भदौमा फुल्दछ र फल भदौ-कार्तिकमा लाग्दछ ।

## उपयोगी भाग

काण्डको पार्ट (बोक्रा) कलिला मुना र जरा ।

## प्राकृतिक वासस्थान

यो वनस्पति प्राकृतिक अवस्थामा समुन्द्री सतहबाट १,३०० देखि ३,००० मिटरसम्मको उचाइमा पाइन्छ । यो पाकिस्तान, भारत, श्रीलंका, मध्यचीन, र मलेशियामा पनि पाइन्छ । दक्षिणपूर्वी एसियालाई यसको उद्‌गम स्थल मानिन्छ ।

## उत्पादन र बजार

एकजना व्यक्तिले एक दिनमा १० देखि १२ केजी काँचो र ५ केजी सुकेको अल्लो संकलन गर्नसक्छ । हाल यसको धागोको बजार मूल्य रू ७०० देखि ९०० सम्म पर्दछ । आजकल यसको धागोबाट बनेका कपडाहरू विदेश निर्यात हुन्छन् । यसबाट पर्दा, खोल, टेबलपोस, झोला, रूमाल, तन्ना, टोपी, कार्पेट, सर्ट, पाइन्ट आदि जस्ता कपडाहरू बनाई विदेश निर्यात गरिन्छ । यसबाट बनेका कपडाहरू जर्मनी, अमेरिका, स्वीजरल्याण्ड जापान लगायतका मुलुकहरू मा निर्यात हुन्छ ।

Photo: S.K. Rai, DPR

# कुट्की

| | |
|---|---|
| वैज्ञानिक नाम | : Neopicrorhiza scrophulariiflora (Pennell) Hong. |
| नेपालीमा नाम | : कुटकी, कटुकी |
| स्थानीय नाम | : कटुको |
| संस्कृत नाम | : कातुका, मत्स्यपित्ता |
| हिन्दी नाम | : कुट्की |
| अङ्ग्रेजी नाम | : Picrorhiza, Hellobore |
| वानस्पतिक परिवार | : Scrophulariaceae |



## परिचय

कुटकी जमिनको सतहमा फैलिएर बढ्ने तथा चट्टानमा झांगिएर हुर्कने झार वर्गको करिब ५ देखि १० सेमीसम्मको उचाइ हुने बहुवर्षीय वनस्पति हो । यसको मुलजरा तथा डाँठ बलियो, लामो, केही खैरो र कालो रङ्को र पुरानो पातका फेदले ढाकिएको हुन्छ । यसको स्वाद तितो हुन्छ । काण्डमा स-साना झुस हुन्छन् । पात सानो गुजुमुज्ज भएर आउने (Rossette) ०.५ देखि ४ सेमीसम्म लामो, ४ देखि १५ मिमीसम्म चौडा गोलाकार (Spaculate) वा लाम्चो अण्डाकार (Ovate) हुन्छन् । पातको किनारा करौती जस्तो दाँती परेको हुन्छ । फूलहरू करिब १० सेमीसम्म अल्लो सीधा डाँठको अन्तिम मुजुरामा धेरै संख्यामा फुलेका हुन्छन् । फूल फिक्कानीलो प्याजी रङ्को हुन्छ । पत्रदल र पुष्पदल ५-५ खण्ड भएको र पुष्पदल २ मिमी फराकिलो हुन्छन् । एउटै फूलमा भाले र पोथी अंग पाइन्छ । कोसा (Capsule) गोलो (Oval), ६ देखि १० सेमीसम्म व्यास भएको र खण्डखण्ड परेको हुन्छ जसभित्र धेरै मसिना बीउहरू रहेका हुन्छन् ।

यसको नयाँ पात फागुन-चैतमा पलाउँछ । फूल वैशाख-जेठ र साउन-भदौमा २ पटक फुल्दछ र फल असार-असोजसम्म लाग्दछ । कार्तिक-मंसिरमा बीउ झर्दछ ।

## उपयोगी भाग

जमिनसगँ घस्रने जरा (Rhizome) सहितको काण्ड।

## प्राकृतिक वासस्थान

यो वनस्पति प्राकृतिक अवस्थामा ३,५०० देखि ४,८०० मिटरसम्मको उचाइमा ओसिलो चिस्यानयुक्त भिरालो चट्टानी भाग, मलिलो कालोमाटो भएको उत्तरी, उत्तर-पश्चिमी घाँसे मैदान (Alpine Meadows), चिस्यानयुक्त खोल्साखोल्सीहरू मा पाइन्छ । यो नेपालको पूर्व, मध्य र पश्चिम क्षेत्रमा पाइन्छ ।

## उत्पादन तथा बजार

यसको बजारमा माग अत्यधिक छ र आपूर्ति न्यून छ । यसको हालको औसतबजार मूल्य रू. ८५० देखि रू. १,४५० प्रति केजीसम्म पर्दछ । प्रतिहेक्टर १,५०० देखि २,०५० केजी सुकेको कुट्की जरा उत्पादन हुने अनुमान गरिएको छ ।

# कुरिलो



वैज्ञानिक नाम : Asparagus racemosus Willd
नेपालीमा नाम : कुरीलो
स्थानीय नाम : झिझि र काँडा, कैश्रलो
संस्कृत नाम : शतमूल, सतावरी, शतवरी
हिन्दी नाम : सतावर, शतमुली
अङ्ग्रेजी नाम : Wild Asparagus Keming
वानस्पतिक परिवार : Liliaceae

## परिचय

विश्वमा कुरिलोका ३०० प्रजातिहरू पाइन्छन् । नेपालमा ४ प्रजातिका पाइएको अध्ययनले देखाएको छ जुन यस प्रकार छन् :

१. Asparagus Curillus
२. Aspersgus Filicinus
३. Asparagus Pencillatus
४. Asparagus Racemosus

नेपालका एस्पारागस रेसीमोसस (Asparagus Racemosus) को पनि दुई जातहरू (Varieties) रेसीमोसस् (Racemosus) र सव्एसेरोसस् (Subacerosus) पाइन्छन् । स्थानीय रूपमा पनि कुरिलोलाई भाले र पोथी भनी वर्गीकरण गरिएको पाइन्छ । भाले कुरिलोको बोट लामो डाँठ, कडा, काँडा कम भएको, जरा लामो र हल्का पहेँलो हुन्छ भने पोथी कुरिलोको बोट सानो झ्याङ पर्ने काँडा बढी भएको हुन्छ । यो एक काँडेदार थुप्रै हाँगाविगा भएको झाडी वर्गको सदावहार वनस्पति हो । यसका जराहरू औँला जस्तै गरी झुप्पामा रहेका हुन्छन् जसलाई कन्दमूल (Tubers) भनिन्छ । कन्दमूल करिब ५ देखि १५ सेमी लामा, ०.५ देखि २ सेमी मोटा, दुवै छेउतिर साँगुरिदै गएको (Tapering) र बीचमा फुकेको, बाहिरी रङ्ग फुस्रो पहेँलो र भित्री रङ्ग सेतो हुन्छ । सुकेको अवस्थामा यसमा लामा खुम्चेका धर्साहरू हुन्छन् । डाँठ कडा र काँडेकाँडा भएको हरियो रङ्गको हुन्छ । छिप्पिएको डाँठ फुस्रो खरानी रङ्गको चिप्लो हुन्छ । पात करिब २.५ सेमी लामो, साँगुरो, मसिनो सियो आकारको र हरियो रङ्गको हुन्छ र एकैठाउँबाट २ देखि ६ वटासम्म पातहरू झुप्पोमा पलाएका हुन्छन् । फूल धेरै सानो, सेतो रङ्गको, वासनादार हुन्छ र झुप्पोमा फुल्दछ । फल ४ देखि ७ मिमीसम्म व्यास भएको, सानो, गोलो आकारको, काँचोमा हरियो र पाकेपछि रातो रङ्गको हुन्छ । फल भित्र कालो रङ्गको गोलो बीउ हुन्छ । यसको फूल जेठ, असार महिनातिर फुल्दछ र फल असोज कार्तिकतिर लाग्दछ ।

## उपयोगी भाग

जमिनमुनीको कन्दमूल (Tubers) र कलिला टुसा (तरकारी) ।

## प्राकृतिक वासस्थान

यो नेपालमा प्राकृतिक अवस्थामा ६०० देखि २,१०० मिटरसम्मको उचाइमा पाइन्छ । नेपालबाहेक पाकिस्तान, भारत, दक्षिणपूर्वी एसिया, मलेशिया, अष्ट्रेलिया, अफ्रिका लगायतका देशहरू मा पाइन्छ ।

## उत्पादन तथा बजार

मलखादको उचित मात्राको प्रयोग र सुख्खा समयमा सिंचाईको व्यवस्था, गोडमेल गरेको खण्डमा प्रति हेक्टर प्रशोधित सुकेको कन्दमूल २,५०० देखि ३,००० केजीसम्म उत्पादन गर्न सकिन्छ । यसको कन्दमूलको स्थानीय बजार मूल्य प्रति केजी रू. ६५० देखि रू. १,१५० सम्म पर्दछ ।

# केशर

| | |
|---|---|
| वैज्ञानिक नाम | : Crocus Sativus wall |
| नेपालीमा नाम | : केशर |
| स्थानीय नाम | : केशर |
| संस्कृत नाम | : कुमकुम, काश्मिरज |
| हिन्दी नाम | : स्याफ्रोन, केशर |
| अङ्ग्रेजी नाम | : Saffron |
| वानस्पतिक परिवार | : Iridaceae |



## परिचय

यो १० देखि १५ सेमीसम्म अग्लो हुने झार वर्गको वनस्पति हो । यसको जमिनमुनिको गानो (Bulb) छ्यापीको गानो जस्तो हुन्छ । जराबाट १० देखि १५ सेमी लामो ६ देखि ९ वटा पातहरू निस्कन्छन् । गानो स-साना कत्ला जस्तो पातले घेरिएको हुन्छ । जसलाई कर्म्लेट (Cormlet) भनिन्छ । पातहरू साँगुरा, लामालामा हुन्छन् र बीचमा पहेँलो रङ्को धर्सा फेददेखि टुप्पासम्म पुगेका हुन्छन् । गानोबाट बैजनी वा नीलो रङ्को फूल निस्कन्छन् । प्रत्येक फूलभित्र गाढा सुन्तला रङ्का तीनवटा स्त्रीकेशर (Stigma) हुन्छन् र टुप्पोमा पहेँलो रङ्को योनीदल (Style) हुन्छ, जसलाई केशर भनिन्छ । यसको फल रातो रङ्को क्याप्सुल जस्तो हुन्छ । कार्तिक महिनाको दोस्रो हप्तामा केशरको फूल फुल्दछ ।

## उपयोगी भाग

फूल भित्रको स्त्रीकेशर (Stigma) केशर प्राचीन कालदेखि नै मसला र औषधीको रूपमा प्रयोग गरिदै आएको र विश्वकै सबैभन्दा महँगो मसलाको रूपमा प्रयोग गरिने वनस्पति हो ।

## प्राकृतिक वासस्थान

नेपालमा यो प्राकृतिक रूपमा पाइदैन तर यसको खेती परीक्षणको रूपमा देशका विभिन्न भागमा सरकारी, गैरसरकारी र व्यक्तिगत तवरबाट शुरू गरिएको छ । कर्णाली अञ्चलमा पनि जुम्ला, डोल्पा (जुफाल,सँ गा.वि.स.) जिल्लामा केही किसानहरू ले यसको खेती तथा उत्पादन शुश्र गरेका छन् । यसको बृहत् खेती गर्ने देशहरू मा स्पेन, जापान, इरान, फ्रान्स, इटाली, टर्की, भारत र चीन अग्रस्थानमा छन् । स्पेन र इजरायलमा यो प्राकृतिक रूपमा पाइन्छ । यसको उद्गमस्थल दक्षिण युरोपको ग्रीसलाई र पश्चिम एसियाको इरानलाई मानिन्छ ।

## उत्पादन तथा बजार

एउटा फूलबाट १ मिलिग्राम सुकेको केशर उत्पादन हुने बताइन्छ । १ केजी केशर उत्पादन गर्न १,२०,००० देखि १,५०,००० फूलहरू आवश्यक पर्दछन् । ४ वटा फूल लाग्दा प्रत्येक गानोबाट प्रति हेक्टर ३.५ केजीकेशर उत्पादन हुन सक्छ । नेपालबाट उत्पादित केशर राम्रो सुगन्धसहित अन्तर्राष्ट्रियस्तरको भएकोले संयुक्त अधिराज्य र जापानमा यसको राम्रो माग छ । यसको नेपाली बजार मूल्य प्रति १०० ग्रामको रू. ८०,००० देखि रू. १,००,००० सम्म रहेको छ ।

# चिराइतो

| | | |
|---|---|---|
| वैज्ञानिक नाम | : | Swertia chirayita (Roxb. ex Fleming) Karsten |
| नेपालीमा नाम | : | चिराईतो |
| स्थानीय नाम | : | तिते, चिराइता |
| संस्कृत नाम | : | कीराततिक्त, चिरतिक्त, भूनिम्ब |
| हिन्दी नाम | : | चिरायता |
| अङ्ग्रेजी नाम | : | Chiretta |
| वानस्पतिक परिवार | : | Gentianaceae |

Photo: S.K. Rai, DPR



## परिचय

नेपालमा चिराइतोका ३२ प्रजाति पाइएका छन् । २० वटा प्रजातिका हर्वेरियम तयार भइसकेको छ जसमध्ये ९ वटा प्रजातिका चिराइतोको चिराइतो नामबाट व्यापारिक कारोबार भइरहेको छ । Swertia Chirayita सबैभन्दा बढी विक्री हुने (कुल व्यापारको ८० प्रतिशत) प्रजाति हो । अन्य प्रजातिका चिराइतोलाई स्थानीय भाषामा भाले चिराइतो र यस प्रजातिलाई पोथी चिराइतो भन्ने पनि गरिन्छ । यो करिब ७० देखि १२५ सेमीसम्म अग्लो हुन्छ । घाँस वर्गको बहुवर्षीय वनस्पति हो । यसको डाँठ मोटो र बलियो हुन्छ । डाँठको फेद बेलनाकार र माथिल्लो भाग चारपाटे परेको हुन्छ । हरेक आँख्ला (Node) को दुवैतिर पात र हाँगा पलाएको हुन्छ । पात ७ देखि ७.५ सेमी लामो, १ देखि २.५ सेमी चौडा र भाला, (Lanceolate) आकारको र किनारा (Leaf Margin) सीधा टुप्पो चुच्चो परेको हरियो, प्याजी रङ्को हुन्छ । पात र डाँठ चिप्लो किसिमको हुन्छ । हरेक आँख्लाका पात र काण्डको कक्षबाट फूलहरू एउटै झुप्पोमा निस्किएका हुन्छन् । फूल, सानो,हरियो पहेँलो वा प्याजी रङ्को हुन्छ । एउटै फूलमा भाले र पोथी अंगहरू हुन्छन् । पहिलो वर्षमा हुर्किने र दोस्रो वर्षमा फूलफुल्ने र बीउ लाग्ने गर्दछ । फूलसाउनदेखि असोजसम्म फुल्छ र असोजदेखि कार्तिकतिर पाक्दछ ।

## उपयोगी भाग

सम्पूर्ण बिरूवा ।

## प्राकृतिक वासस्थान

सो प्राकृतिक अवस्थामा १,२०० देखि ३,००० मिटरसम्मको उचाइमा ओसिलो खुल्ला पाखा, ओसिलो चौर, वनजंगल, खेतबारीको काल्नामा पूर्व, मध्यरपश्चिम नेपालका ४० जिल्लाहरू मा पाइन्छन् । साथै हिमालयन क्षेत्रको काश्मिरदेखि भुटानसम्म र उत्तर पूर्व भारतमा पनि पाइन्छ । यो प्रजाति हिमालको स्वदेशी वनस्पति हो । उत्तर, उत्तर-पूर्वी पश्चिम,मोहडा भएका पाखाहरू मा पाइन्छ ।

## उत्पादन तथा बजार

चिराइतो दुई वर्षमा संकलन योग्य हुने हुँदा एक हेक्टर जग्गामा दुई वर्षमा १,६०० देखि २,००० केजीचिराइतो उत्पादन हुन्छ । यसको बजार धेरै भएपनि बजार त्यति स्थिर छैन । यसको बजार मूल्य रू. ४२५ देखि ६०० सम्म पर्दछ । राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारमा चिराइतोको अत्यधिक माग रहेको छ । चिराइतोको नामबाट थुप्रै प्रजातिहरू को व्यापार हुनेगरेको भएता पनि अन्तर्राष्ट्रिय बजारमा चिराइतोको रूपमा मुख्यत: Swertia Chirayita, जुन पोथी चिराइतोको नामले परिचित छ, नै उल्लेख्य मात्रामा माग हुने र विक्रीवितरण हुने गर्दछ । नेपालबाट निर्यात गरिएको चिराइतो भारत हुँदै इटाली, सिंगापुर, अफगानिस्तानसम्म पुग्छ । साथै नेपालको उत्तर-पूर्वी नाकाबाट तिब्बत हुँदै चीनमा पनि पुग्छ ।

# जटामसी

| | |
|---|---|
| वैज्ञानिक नाम | : Nardostachys grandiflora DC |
| नेपालीमा नाम | : जटामसी |
| स्थानीय नाम | : भुल्ते |
| संस्कृत नाम | : गन्धामसी, तपस्विनी, जटामाँसी |
| हिन्दी नाम | : वाल्छड, जटामोसी |
| अङ्ग्रेजी नाम | : Spikenard |
| चिनीयाँ | : कानसुङ्ग |
| वानस्पतिक परिवार | : Valerianaceae |

Photo: S.K. Rai, DPR



## परिचय

यो १० देखि ७५ सेमीसम्म अग्लो हुने, झारवर्गको सुगन्धित बहुवर्षीय वनस्पति हो । जमिनमुनिको काण्ड रातो खैरो झुसहरू ले ढाकिएको र सुगन्धित हुन्छ । पातहरू जमिनमुनिको काण्ड (Rhizomes) बाट सीधै पलाएर आउँछन् तर केही पातहरू फूल फुल्ने काण्डबाट पनि पलाएर आएका हुन्छन् । पात ५ देखि २० सेमी लामो र २ सेमी चौडा अण्डाकार, भालाकार वा लाम्चाकार, किनारा सीधा परेको र टुप्पो (Apex) फराकिलो हुन्छ । फूलहरू गुलाबी, प्याजी र सेतो रङ्का हुन्छन् र ९ देखि १० वटा फूल एउटै झुप्पामा फुल्दछन् । पत्रदल रङ्गीन, ५ खण्ड भएको र पुष्पदल ५ खण्ड भएको, ६ देखि २० मिमी लामो गोलाकार हुन्छन् । फल अण्डाकार फलभित्र एउटा मात्र बीउ हुन्छ । यसको नयाँ पात वैशाख–जेठमा पलाउँछ भने फूल असार-भदौतिर फुल्दछ र फल भदौ-असोजमा लाग्दछ ।

## उपयोगी भाग

जमिनमुनीको काण्ड : (Rhizomes) जरा

## प्राकृतिक वासस्थान

यो प्राकृतिक अवस्थामा ३,००० देखि ५,००० मिटरसम्मको उचाइमा पूर्व, मध्य र पश्चिम नेपालमा पाइन्छ । यो कर्णाली अञ्चलको हुम्ला, मुगु लगायतका जिल्लाहरू मा व्यापक रूपमा पाइन्छ । हिमालय क्षेत्रको पञ्जाबदेखि सिक्किमसम्म भारत, नेपाल, भुटान तथा चीनको दक्षिण–पश्चिम भागमा पाइन्छ । यो वनस्पति हिमालय क्षेत्रको स्वदेशी प्रजाति हो । यो धूपी, गुँरासको बुट्यान भएको, चिसो, ओसिलो र उत्तरी मोहडा भएको घाँसे मैदान तथा चौरहरू भएको वासस्थान यसको लागि उत्तम मानिन्छ ।

## उत्पादन तथा भण्डार

विश्वमा यसको जराबाट निकालिएको सुगन्धित तेलको माग अत्यन्त धेरै छ । नेपालबाट वर्षेनी करिब १० देखि १५ टन जटामसी जरा भारत निर्यात हुन्छ । विश्वको जटामसीको कुल व्यापार मध्ये नेपालको जटामसीले ९५ प्रतिशत हिस्सा ओगट्दछ । खेती गर्दा प्रतिहेक्टर जमिनमा सरदर ३०० देखि ४५० केजी जटामसी जरा उत्पादन हुन्छ । यसको तेलको मूल्य प्रति केजी रू. ४०,००० देखि रू. ५०,००० सम्म पर्दछ । जटामसी जरा प्रति केजी रू. ८५० देखि १,४५० सम्म पर्दछ ।

# टिमुर

| | |
|---|---|
| वैज्ञानिक नाम | : Zanthoxylum armatum DC |
| नेपालीमा नाम | : टीमुर, आँखे टिमुर |
| स्थानीय नाम | : टिम्मुर, तिमुर |
| संस्कृत नाम | : तीक्ष्णफल, तेजोवती, तेजस्वीनी, तम्बरू |
| हिन्दी नाम | : तेजवल, तम्बरू |
| अङ्ग्रेजी नाम | : Toothache tree, Nepali pepper |
| वानस्पतिक परिवार | : Rutaceae |

Photo: S.K. Rai, DPR



## परिचय

यो २ देखि ६ मिटरसम्म अग्लो हुने, काँडेदार सुगन्धित सानो खालको रुख वा झाडी वर्गमा पर्ने पतझड बहुवर्षीय वनस्पति हो । संयुक्त एकान्तर पात (Alterrate leaf), ४ देखि ५ सेमीसम्म लामो स-साना ३ देखि १३ वटासम्म पत्रकहरू भएको हुन्छ । पत्रकहरू विपरित, भेट्नु नभएको, अण्डाकार, किनारा मसिनो करौती जस्तो, टुप्पो तिखो, माथिल्लो सतह गाढा हरियो र तल्लो सतह फिका हरियो रङ्को र ग्रन्थीयुक्त हुन्छन् । काण्डमा र पातको फेदमा थेप्चा काँडाहरू हुन्छन् । पात पलाउने हरेक आँख्लाबाट फूलको छुट्टै हाँगा निस्किएको हुन्छ । फूलहरू हरिया र केही पहेँला, स-साना हुन्छन् । भाले र पोथी फूल फरकफरक बिरूवामा हुन्छन् । फूलमा पत्रदल हुँदैनन् । पुष्पदल ६ देखि ८ खण्ड भएको पुंकेशर ६ देखि ८ वटासम्म (भाले फूलमा) र स्त्रीकेशर १ देखि ३ वटासम्म (पोथी फूलमा) हुन्छन् । फल काँचोमा हरियो, पाकेपछि रातो, तितो पिरो र जिब्रो पर्पराउने स्वादको र सुगन्धित हुन्छ । फल ४ देखि ५ सेमीसम्मको व्यासको हुन्छ । फलभित्र एउटा बीउ हुन्छ र कालो रङ्को, तेलिय र चिप्लो खाले हुन्छ । यसको फूल जेष्ठ असारमा फुल्दछ, फल साउनभदौतिर लाग्दछ र .असोज कार्तिकतिर पाक्दछ ।

## उपयोगी भाग

फल र बोक्रा ।

## प्राकृतिक वासस्थान

यो प्राकृतिक अवस्थामा १,००० देखि २,५०० मिटरसम्मको उचाइमा खुला पारिलो पाखामा पाइन्छ । यो नेपालको पूर्व, मध्य र पश्चिम क्षेत्रका साथै हिमालय क्षेत्र (काश्मिरदेखि भुटानसम्म) उत्तरी भारत,चीन, ताईवान, फिलिपिन्स लगायतका देशहरू मा पाइन्छ । ऐसेलु, बाँझ, चुत्रो, घंघाश्र, मेल, तितेपाती, लालीगुराँसका रुख बिरूवाहरू भएका क्षेत्रमा यसको प्राकृतिक पुनरूत्पादन सजिलै हुनसक्दछ ।

## उत्पादन तथा वजार

एउटा परिपक्व बोटबाट सरदर २ देखि ४ केजीटिमुर फल फल्दछ । एकजनाले एक दिनमा सामान्यतया ४ केजी टिमुर टिप्न सक्दछ । औसतमा प्रति हेक्टरमा २,००० देखि ४,००० केजी टिमुर उत्पादन हुने अनुमान गरिएको छ । टिमुरको स्थानीय, राष्ट्रिय तथा अन्तर िष्ट्रिय बजारमा समेत निकै राम्रो माग रहेको देखिन्छ । यसको हालको बजार मूल्य प्रति के.जी. रू. ३४० देखि रू. ५७६ पर्दछ । सुर्खेत जिल्ला वन कार्यालयबाट मात्र वार्षिक ३५,००० केजी सम्म टिमुर निकासी हुने गरेको तथ्याङ्कले देखाउछ ।

# डालेचुक

| | | |
|---|---|---|
| वैज्ञानिक नाम | : | Hippophae salicifolia D.Don<br>Hippophae tibetana Schlecht |
| नेपालीमा नाम | : | डालेचुक |
| स्थानीय नाम | : | डालेचुक, ढालेचुक, चुक, ताराचुक |
| संस्कृत नाम | : | कण्टशाख |
| हिन्दी नाम | : | वाल्छड, जटामोसी |
| अङ्ग्रेजी नाम | : | Seabuckthron, Sallo-thron |
| वानस्पतिक परिवार | : | Elaeagnaceae |

Photo: Prajwal Shrestha, GNI Nepal



## परिचय

नेपालमा चुकका दुई प्रजातिहरू पाइन्छन - डालेचुक (Hippophae Salicifolia) र भुईंचुक (Hippophae tibetana)

## डालेचुक (Hippophae Salicifolia)

यो ३ देखि १५ मिटरसम्म अग्लो हुने एक काँडेदार पतझर छिट्टै बढ्ने पायोनियर (pioneer) वनस्पति हो । यसको पात लाम्चो वा भालाकृत (Lanceolate), तल्लो सतह सेतो भुस भएको र माथिल्लो सतह फुस्रो हरियो रङ्गको, टुप्पो चुच्चो परेको हुन्छ । फल गोलो सुन्तला वा रातो रङ्गको र काँचोमा हरियो रङ्गको हुन्छ । यसमा बढी फल लाग्ने भएकाले यो भुईंचुकभन्दा व्यापारिक हिसाबले बढी महत्त्वपूर्ण मानिन्छ ।

## भुईंचुक (Hippophae tibatana)

यो सानो १० देखि ४० सेमी अग्लो, धेरै हाँगाबिगा भएको, झाडीवर्गको वनस्पति हो । पात १.५ देखि २ सेमी लामो, २ देखि ४ मिमी चौडा, साँगुरो अण्डाकार हुन्छ र रातो सिन्दुर जस्तो कत्लाले पातलाई ढाकेको हुन्छ । फल पाकेपछि सुन्तला वा रातो रङ्गको हुन्छ । डाँलेचुक तथा भुईंचुकको फूल वैशाखदेखि जेठ महिनातिर फुल्दछ, साउन भदौ तिर फल लाग्दछ र असोज कार्तिकतिर फल तथा बीउ संकलन गर्न सकिन्छ ।

## उपयोगी भाग

पाकेको फल

## प्राकृतिक वासस्थान

डालेचुक प्राकृतिक अवस्थामा २,००० देखि ४,००० मिटरको उचाइमा मध्य र पश्चिम नेपालमा पाइन्छ भने भुईंचुक ४,००० देखि ५,००० मिटरको उचाइमा पूर्व र मध्य नेपालमा पाइन्छ । डालेचुकलाई मानिसहरू ले १२ औं शताब्दीदेखि नै प्रयोग गर्दै आइरहेको इतिहास पाइन्छ । भुईंचुकलाई चीनको युनान र सिचुवान सहितको हिमालय क्षेत्रको रैथाने प्रजाति मानिन्छ । हुम्ला र मुगु जिल्लामा यी दुवै किसिमका प्रजातिहरू विद्यमान छन् ।

## उत्पादन तथा बजार

यसको फलमा भिटामिन ए, बि, सि, ई र के, क्यारोटीन, एमीनो एसिड, लाईकोपिन आदि पाइन्छ । अमलाको भन्दा १२ गुणा बढी र सुन्तलाको भन्दा १० गुणा बढी भिटामिन सि यसमा पाइन्छ । फलको रसबाट विभिन्न किसिमको मिठाई, जाम, जेली हल्का पेय पदार्थ, वाइन, बियर,रक्सी सौन्दर्यका सामाग्री जस्तै स्याम्पु, कपाल रङ्गाउने झोल, छाला नरम र चम्किलो पार्ने क्रिम आदि । यसबाट खोकीको औषधी, खेलाडीहरू का लागि पोषिलो पेय पदार्थ आदि गरी झण्डै १०० प्रकारका वस्तुहरू को उत्पादन भई अन्तर्राष्ट्रिय स्तरमा बिक्री भइरहेको पाइन्छ । यसको बीउबाट निकालिने तेलको माग संसारभर बढीरहेको छ । नेपालमा हुम्ला, डोल्पा, मनाङ, मुस्ताङ जिल्लाहरू मा पनि यसको जुस बनाएर बेच्न थालिएको छ । यसको एक रूखबाट औसत २.५ देखि ३ केजीसम्म फल उत्पादन हुन्छ । २.५ देखि ३ केजी सम्म फल उत्पादन हुन्छ ।

# पदमचाल



| | | |
|---|---|---|
| वैज्ञानिक नाम | : | Rheum australe D.Don |
| नेपाली नाम | : | पदमचाल, अमलवेद, शंखत्र |
| स्थानीय नाम | : | चुल्थी, अमिलो, पदम्या |
| संस्कृत नाम | : | गान्धिनी, पितामुलीका, अम्मलसाल |
| हिन्दी नाम | : | रेभान्दचीनी, पदमचाल |
| अङ्ग्रेजी नाम | : | Himalayan Rhubarb |
| वानस्पतिक परिवार | : | Polygonaceae |

## परिचय

नेपालमा र्‍युम (Rheum) को सात प्रजाति पाइएता पनि दुईवटा प्रजाति र्‍युम अस्ट्रल (Rheum australe) र र्‍युम नोबिल (Rheum nobile) पदमचालको नामबाट बढी विक्रीवितरण हुन्छन् । अघिल्लो प्रजातिलाई पदमचाल र पछिल्लो प्रजातिलाई चुल्थी पनि भन्ने गरेको पाइन्छ । Rheum australe करिब ३ मिटरसम्म अग्लो हुने झार वर्गको बहुवर्षीय वनस्पति हो । यसको जरा तथा जमिनमुनिको काण्ड कसिएको गाँठीलो हुन्छ । काण्ड सुगन्धित हुनुको साथै बाहिरी भाग चाउरी परेको र स्वाद पिरो टर्रो र केही मात्रामा अमिलो हुन्छ । पातहरू सीधै जमिनबाट नै पलाएर आउछन् । पात लामो भेट्नु (Petiole) हुने, ३० देखि ६० सेमीसम्म लामो गोलाकार (Orbicular or broadly ovate) र भेट्नुतिरको भाग मुटु आकारको, सीधा किनारा भएको हुन्छ । फूलहरू २० देखि ३० से.मी लामो, मुजुरा (Terminal panicles) मा फुल्दछ । फूल सानो करिब ३ मिमी व्यास भएको गाढा रातो वा प्याजी रङ्गको हुन्छ । एउटै फूलमा भाले र पोथी अंग पाइन्छ । पुष्पदल ६ भागमा विभाजित करिब ३ मिमी व्यासको र ९ वटा पुंकेशर हुन्छ । यसको फल (लगत) कडा प्याजी रङ्गको अण्डाकार करिब ८ देखि ५ मिमीको हुन्छ । यसको नयाँ पालुवा फागुन देखि चैत महिनामा पलाउँछ । फूल असार(साउन महिनामा फुल्दछ । फल भदौ देखि असोज महिनासम्ममा लाग्दछ र बीउ पनि यसै समयमा झर्दछ ।

## प्राकृतिक वासस्थान

यो प्राकृतिक अवस्थामा नेपालको हिमाली भेगको ३,००० देखि ४,२०० मिटरसम्मको उचाइमा झाडी बुट्यान मात्र भएको ढुङ्गयान, खोल्साखोल्सी तथा वनको छेउछाउ, खुल्लाचौर (Alpine meadows) मा पाइन्छ । यो नेपालको पूर्वी, मध्य र पश्चिम भागमा पाइन्छ । साथै यो हिमालय क्षेत्रको हिमाञ्चल देखि भुटानसम्म र चीनमा पनि पाइन्छ । यस प्रजातिलाई हिमाल क्षेत्रको स्वदेशी वनस्पति मानिन्छ ।

## उत्पादन तथा बजार

पदमचाल प्रति हेक्टर २०० देखि ३०० सुकेको काण्ड र ५०० देखि ६०० केजी सुकेको जरा उत्पादन हुन्छ । यसको बजारमा माग प्रशस्त छ । प्रति केजी रू. १२५ देखि २०० सम्म पर्दछ ।

# पाँचऔले

| | |
|---|---|
| वैज्ञानिक नाम | : Dactylorhiza hatagirea (D.Don) Soo |
| नेपालीमा नाम | : पाँचऔंले, हातेजडी, हाते |
| स्थानीय नाम | : हातेजडी, हाते |
| हिन्दी नाम | : सालममिश्री |
| अङ्ग्रेजी नाम | : Himalayan Marsh Orchid, Orchis, Salep |
| वानस्पतिक परिवार | : Orchidaceae |

Photo: S.K. Rai, DPR



## परिचय

यसको जरा हातको पञ्जा जस्तो हुने भएकोले नै सायद यसलाई पाँचऔले भनिएको हुनसक्छ । यो वनस्पति करिब ९० सेमीसम्म अग्लो हुने, डाँठ सीधा र खोक्रो भएको हुन्छ । यो जमिनमा पाइने सुनाखरी परिवारको एक प्रजाति हो । यसको पात २० देखि ३० सेमीसम्म लामो र २ देखि ४ सेमीसम्म चौडा लाम्चो भालाकार (Ablong lanceolate), किनारा सीधा टुप्पो चुच्चो परेको हुन्छ र डाँठको माथिल्लो भागमा १२ देखि २० सेमीसम्म लामो हुन्छ, १.८ सेमी गोलाईको बेलानाकार मुजुरा (Spike) मा गुलाबी वा प्याजी रङ्का फूलहरू वरिपरी मिलेर फुल्दछन् । फूलमा वेलनाकार स्पर (Spur) हुन्छ । पत्रदल र पुष्पदल झण्डै बराबर हुन्छन् । ओष्ठ (Lip) गोलाकार, ३ भागमा विभाजित हुन्छ, जसमा गाँढा प्याजी रङ्को थोप्लाहरू हुन्छन् । यो वनस्पति उचाइमा पाइने भएकोले यसको वृद्धिदर अलि ढिलो हुन्छ । यसको कन्द (Rhizome)हिउँदमा सुसुप्त अवस्थामा बस्दछ र हिउँ पग्लनासाथ वैशाख-जेठतिर टुसा पलाउँछ । यसको फुल असार-साउन महिनामा फुल्दछ । फल भदौ-असोजमा लाग्दछ ।

## उपयोगी भाग

जमिनमुनीको हत्केला आकारको कन्द (Rhizome), जसलाई पाँचऔले भनिन्छ ।

## प्राकृतिक वासस्थान

यो प्राकृतिक अवस्थामा हिमाली क्षेत्रको २,८०० देखि ४,२०० मिटरसम्मको उचाइमा चिस्यानयुक्त घाँसे मैदान, फाँटहरू मा पाइन्छ । यो पूर्व, मध्य र पश्चिम नेपालमा पाइन्छ । साथै पाकिस्तान, हिमालयको काश्मिरदेखि भुटानसम्म, चीनको झिजाङ्ग प्रान्तमा पनि पाइन्छ । यो प्रजाति हिमालय क्षेत्रको स्वदेशी वनस्पति हो । यसको वरिपरी भोजपत्र र सुनपातीका वनहरू पाइन्छन् ।

## उत्पादन तथा बजार

खेती गर्दा यसको उत्पादन प्रति हेक्टर करिब २५० देखि ३०० केजीसम्म हुने अनुमान छ । यसको बजार माग र मूल्य निकै बढी छ । प्राकृतिक अवस्थाबाट यसको संकलन, उपभोग, ओसारपसार तथा विक्रीवितरण कानूनतः निषेधित भएकोले गैरकानुनी रूपमा यसको विक्रीवितरण भइरहेको छ । यसको मूल्य प्रति केजी लगभग रू. ३,००० देखि ३,५०० सम्म पर्दछ ।

Photo: Prajwal Shrestha, GNI Nepal



# लौठसल्लो

| | |
|---|---|
| वैज्ञानिक नाम | : Taxus baccata/ T. wallichiana zucc. |
| नेपाली नाम | : लोठसल्ला, थुनेर, तालिसपत्र |
| स्थानीय नाम | : लेकाली लौठ, सिलांगी, सिलिङ्गे, बर्मे सल्ला, ढ्याङग्रे सल्ला |
| संस्कृत नाम | : तालिसा, मन्धुपर्नी सुखापुष्प |
| अन्य | : काँसल्लो, काँडे लोटी (डोल्पाली), कन्हा स्वाँ (नेवारी |
| अङ्ग्रेजी नाम | : Himalayan yew |
| वानस्पतिक परिवार | : Taxaceae |

## परिचय

यो ३० मिटरसम्म अग्लो र २ मिटरसम्म व्यास हुने धेरै हाँगाविगाहरू भएको रूखवर्गको सदावहार कोणधारी वनस्पति हो । यसको बोक्रा पातलो, रातो, खैरो रङ्गको र कत्ला परेको हुन्छ । पातहरू मसिनो, लाम्चो, साँगुरो बीचमा एउटा नसा भएको टुप्पो चुच्चो परेको २.५ देखि ३.८ सेमीसम्म लामो, फिजिएको, केही बांगिएको, माथिल्लो भाग गाढा हरियो रङ्गको र तल्लो भाग फुस्रो हरियो वा सुनौलो (Golden color) को हुन्छ । भाले फूल भेट्नु भएको डल्लो, सानो र पातको काखीबाट आँउछ भने पोथी फूल एक्लै फुल्ने, हरियो रङ्गको हुन्छ । फल ७ मिमी व्यास भएको रातो रङ्गको, कप जस्तो एरिल (Aril) ले बीउलाई केही ढाकेको हुन्छ । यसको फूल फागुन-चैतमा र फल असोज-कार्तिकमा लाग्दछ । कडा प्याजी रङ्गको अण्डाकार करिब ८ देखि ५ मिमीको हुन्छ । यसको नयाँ पालुवा फागुन(चैत महिनामा पलाउँछ । फूल असार(साउन महिनामा फुल्दछ । फल भदौ देखि असोज महिनासम्ममा लाग्दछ र बीउ पनि यसै समयमा झर्दछ ।

## उपयोगी भाग

पात र बोक्रा ।

## प्राकृतिक वासस्थान

यो वनस्पति प्राकृतिक अवस्थामा २,३०० देखि ३,४०० मिटरसम्मको उचाइमा पूर्व, मध्य र पश्चिम नेपालमा पाइन्छ । तर कुनैकुनै स्थानमा ४,४०० मिटरसम्मको उचाइमा पनि हुर्केको पाइएको छ । यो नेपालको ३६ जिल्लामा प्राकृतिक रूपमा पाइन्छ । साथै भारतको उत्तर प्रदेश, अफगानिस्तान, हिमालय क्षेत्रको काश्मिर देखी भुटानसम्म, पश्चिम चीन, मलेशियामा पनि पाइन्छ । यो वनस्पति प्रायः छाया पर्ने भागमा तालिस पत्र, ठिंगुरे सल्ला, झुले सल्ला, गोब्रेसल्ला, खर्स्यू, ओखर आदि भएको स्थानमा पाइन्छ । यो प्रजाति हिमालय क्षेत्रको स्वदेशी वनस्पति हो ।

## उत्पादन तथा बजार

एउटा परिपक्व रूखबाट १५ देखि २५ केजीसम्म ताजा पात उत्पादन गर्न सकिन्छ । एक हेक्टरमा भएको रूखहरू बाट ८०० देखि ९०० केजीसम्म सुकेको पात प्रतिवर्ष उत्पादन गर्न सकिन्छ ।

यसको माग बजारमा अत्यन्त बढी छ । एक अध्ययनअनुसार विश्वमा महिलाको पाठेघरको क्यान्सरको उपचार गर्न प्रतिवर्ष २.३ अर्ब अमेरिकी डलर बराबरको लौठसल्लाबाट निकालिएको ट्याक्सोल विक्री हुन्छ । राम्रो गुणस्तरको पातको बजारमूल्य प्रति केजी ३५० देखि ५०० सम्म पर्दछ ।

# सतुवा

| | |
|---|---|
| वैज्ञानिक नाम | : Paris polyphylla smith |
| नेपालीमा नाम | : सतुवा |
| स्थानीय नाम | : सतुवा |
| हिन्दी नाम | : सतुवा |
| अङ्ग्रेजी नाम | : Love apple |
| वानस्पतिक परिवार | : Liliaceae |

Photo: S.K. Rai, DPR



## परिचय

यो करिब ५० सेमी अग्लो हुने झार वर्गको, बहुवर्षीय वनस्पति हो । यसको जरा जमिनमुनि लाम्चो भै बढ्ने गर्दछ । ४ देखि ९ वटासम्म पातहरू सुरिलो डाँठमा माथिल्लो भागको एउटै ठाँउबाट पलाएका हुन्छन् । पात भेट्नु भएको १६ सेमीलामो, ४ देखि ६ सेमी चौडा, साँगुरो, अण्डाकार (Oval) वा भालाकार (Lanceolate), किनारा सीधा र टुप्पो (Apex) लामो चुच्चो परेको हुन्छ । फूल बिरूवाको टुप्पामा एउटै मात्र फुल्दछ । फूल पहेँलो रङ्को हुन्छ र पत्रदल ४ देखि ६ वटासम्मको हुन्छ र पात जस्तै हरियो रङ्को हुन्छ । एउटै फूलमा भाले तथा पोथी दुवै अंगहरू पाइन्छ । यसको फूल वैशाख-जेठ महिनामा फुल्दछ र फल असार-साउनमा लाग्दछ ।

## उपयोगी भाग

जमिन मुनिको जरा वा कन्द ।

## प्राकृतिक वासस्थान

यो प्राकृतिक अवस्थामा १,८०० देखि ३,३०० मिटरसम्मको उचाइमा पूर्व, मध्य र पश्चिम नेपालमा पाइन्छ । मुख्य रूपमा हिमालय क्षेत्रको काश्मिर देखि भुटानसम्म र पश्चिम चीनमा पाइन्छ । तर यसै प्रजातिका अन्य उपप्रजाति (Sub-species) हरू पश्चिम चीन, उत्तरपूर्व भारत, म्यानमार र थाईल्याण्डमा पाइन्छन् ।

## उत्पादन तथा बजार

यसको बजार माग अत्यधिक रहेको छ । स्थानीय बजारमा यसको प्रति केजी मूल्य रू. ३,५०० देखि ३,८०० सम्म पर्दछ ।

# सुगन्धवाल

वैज्ञानिक नाम : Valeriana jatamansii Jones
नेपाली नाम : सुगन्धवाल
स्थानीय नाम : नक्कली जटामसी, सुमायो, सिमजडी
संस्कृत नाम : तगर, सुगन्धवाल, वहिस्थान
हिन्दी नाम : तगर, सुगन्धवाल
अङ्ग्रेजी नाम : Indian Valerian
वानस्पतिक परिवार : Valerianaceae

Photo: Rose Shrestha, DPR



## परिचय

यो १५ देखि ४५ सेमीसम्म अग्लो हुने, सानो गाँभ हुने, भुसले ढाकिएको भार वर्गको वनस्पति हो । यसको जराहरू खैरो रंगको, २ देखि ४ सेमी लामो, १ देखि २ मिमीसम्म मोटो, जमिनमुनि फैलिने खालका हुन्छन् । जमिनमुनि पाइने काण्ड खैरो रङ्को २ देखि ७ सेमीसम्म लामो र ८ देखि २० मिमी सम्म मोटो हुन्छ । धेरै जसो पातहरू फेदैबाट पलाएर आँउछन् । फेदैबाट पलाएको पात लामो भेट्नु (Petiole) भएको, ७.५ सेमी लामो, ४.५ सेमी चौडा, केही लाम्चो भई मुटु आकारको, किनारा (Margin) दाँती परेको र टुप्पो (Leaf Apex) चुच्चो परेको हुन्छ । फूल सानो, सेतो, गुलाबी रङ्को र धेरै फूलहरू एउटै झुप्पामा फुल्दछन् । झुप्पाको व्यास १ देखि ४ सेमीसम्म हुन्छ । तलको फूलहरू को डाँठ लामो र माथितिरको छोटो भै फूलहरू करिब एकै सतहमा देखापर्दछन् । एकै बिरूवामा भाले र पोथी दुवै फूलहरू हुन्छन् । पुंकेशर तीनवटा हुन्छन् । यसको फूल फागुन-चैत महिनातिर फुल्दछ र फल कार्तिक महिनातिर पाक्दछ ।

## उपयोगी भाग

जमिनमुनिको काण्ड ।

## प्राकृतिक वासस्थान

यो प्राकृतिक अवस्थामा १,५०० देखि ३,६०० मिटरको उचाइसम्म चिसो, सेपिलो र ओसिलो तथा खोल्साखोल्सीहरू भएको स्थानमा पाइन्छ । यो उत्तरतर्फको मोहडामा हुने वनस्पति हो । छाया रूचाउने (Shade Loving) प्रकारको वनस्पति भएकोले यो गोब्रेसल्लो, लालीगुराँसको रूखमुनि पाइन्छ । यो अम्लीय प्रकारको माटोमा पाइन्छ । प्राकृतिक अवस्थामा भने झरेर कुहिएका पातहरू भएको ठाउँमा बढी राम्रोसँग हुर्केको पाइन्छ । यो नेपालका ताप्लेजुङ्गदेखि सुदूरपश्चिमको दार्चुलासम्मको महाभारतीय श्रृंखलाका पहाड तथा हिमाली भेगको तल्लो क्षेत्रमा प्राकृतिक अवस्थामा छरिएर रहेको पाइन्छ

## उत्पादन तथा बजार

दुई वर्षपछि संकलन गर्दा प्रति हेक्टर २,५०० केजीसम्म सुगन्धवालका जरा वा काण्ड उत्पादन गर्न सकिन्छ । यसको विश्व तथा भारतीय बजारमा धेरै माग छ । नेपालबाट भारत, जापान र अन्य युरोपियन मुलुकहरू मा यसको तेल निर्यात हुन्छ । यसको हालको बजार मूल्य प्रति केजी २७० देखि ७२० सम्म रहेको छ ।

# गुच्ची च्याउ

वैज्ञानिक नाम : Morchella Conica Pers. ex
नेपालीमा नाम : गुच्ची च्याउ, खोया च्याउ
स्थानीय नाम : पोटी च्याउ, फुइखाने च्याउ, मथ्यौरा
हिन्दी नाम : गुच्छी
अङ्ग्रेजी नाम : Morel Mushroom
वानस्पतिक परिवार : Morchellaceae

Photo: Prajwal Shrestha, GNI Nepal



## परिचय

गुच्छीच्याउ नेपालको उच्च पहाडी भेगमा हुने एक प्रकारको च्याउ हो । यो २,००० देखि ३,५०० मिटरसम्म समुन्द्री सतहभन्दा माथिको उचाइमा पाइने गर्दछ । यो च्याउ फुलसल्ला, खर्स्यु, खोटेसल्ला, भोटे पिपल निगाल र लौठसल्ला भएका घाडी जंगलहरू मा पर्याप्त पाइने गर्दछ । यो प्रायः जसो ढलेर कुहिएका कोणधारी जंगलका फेद, रूखहरू मा निस्कने गर्दछ ।

यसको च्याउ (Fungus ) डाँस २ देखि ३ इन्चसम्म लामो र १ इन्च चाक्लो हुन्छ । यो च्याउ छाता जस्तो नफै लिएर मौरीको चाका (पोला) जस्तो खुम्चिएको काइपरेको आकारमा हुन्छ। यो १वर्षे, ५/७ दिनमा मर्ने च्याउ हो । खुम्चेको थैलोमा मसिना छिद्र भएको नौनी जस्तो रङ्को मासु झैं नरम चीज हुन्छ।

## उपयोगिता

गुच्ची च्याउको उपयोग विदेशी मुलुकमा स्वादिलो स्तरीय खानाका रूपमा तरकारीमा प्रयोग भएको पाइन्छ । गुच्ची च्याउ अरु च्याउ जस्तै तरकारी भुटेर खाँदा पौष्टिक आहारका साथै पुनर्यौवन दिने तत्त्व मानिन्छ ।

## उत्पादन तथा बजार

यसको बजार माग अत्यधिक रहेको छ । बजारमा यसको प्रति केजी मूल्य रू. १०,००० देखि १४,५०० सम्म पर्दछ ।

# यार्सागुम्बा

| | |
|---|---|
| वैज्ञानिक नाम | : Cordyceps sinensis (Berk.) Sacc. |
| नेपाली नाम | : जीवनबुटी/यार्चागुम्मा/सञ्जीवनी |
| स्थानीय नाम | : नक्कली जटामसी, सुमायो, सिमजडी |
| अङ्ग्रेजी नाम | : Chinese Catterpillar Fungus |
| वानस्पतिक परिवार | : Hypocreaceae |

Photo: S.K. Rai, DPR



## परिचय

नेपालमा जडीबुटीका नामले चिनिने ६ महिना जीव, ६ महिना बिरूवा बुटी हुने हिमाली डुसे च्याउजातिको जातिको यार्सा आज विश्वमैमहत्त्वपूर्ण मानिन्छ। यो १२ हजार फिटभन्दा माथि मात्र (३,००० देखि ६,००० मिटरसम्मको सामुन्द्रीक उचाइभन्दा) पाइने भुसुल्कीराको ढुसी च्याउ हो ।

हिमाली भुसुल्कीरामा उत्पत्ति र आश्रित हुने Fungus च्याउ नेपालमा भियाग्राको नामले बढी चिनिन्छ । यसको माथिल्लो भाग ढुसी तलको भाग भुसुल्कीराको रूपमा २ भागमा बाँडिएको हुन्छ ।

वर्षातका बेला जेठतिर जमिनमा रहेको भुसिलकिराको शरीरमा पुरानो यार्सा ढुसीको बीउबाट च्याउ डुसा आएर फैलिन्छ। क्रमशः किरामानै बाँचेर यसको ढुसी बढ्दै जान्छ । जब च्याउ बढ्दै जान्छ कीरा शिथिल हुँदै गएर अन्तमा किरा मर्छ र च्याउको डुसा पूर्णरूपले यार्सा गुम्बाको फेदबाट टुप्पातिरको च्याउ परिपक्व बन्दछ । यार्साको डासको रङ्ग खैरो सेतो हुन्छ । यसको च्याउ १५ देखि २० सेमीसम्म लामो र ४/५ सेमी सम्म मोटो हुन्छ ।

## उपयोगिता

स्तरीय यार्सागुम्बामा १०.८४% पानी, ८.४% चिल्लो/प्रोटिन २५.३२%, रेसर १८.५३ %, कार्बोहाइड्रे २८.९%, क्यालसियम ४.१%, अल्काक्लाइडस ७% हुन्छ । तसर्थ यसलाई शक्तिवर्धक र दमरोगका साथै यौनवर्धक र मस्तिष्क रोगका लागि उपयोगी मानिन्छ ।

## उत्पादन तथा बजार

यसको बजार माग अत्यधिक रहेको छ । बजारमा यसको प्रति केजी मूल्य रू. २०,००,०००. देखि २५,००,०००.सम्म पर्दछ ।

# गुर्जो

वैज्ञानिक नाम : Tinospora Sinensis (Lour.) Merr.
नेपालीमा नाम : गुर्जो
स्थानीय नाम : गुर्जे लहरा
संस्कृत नाम : गुडुची
हिन्दी नाम : गिलोय
अङ्ग्रेजी नाम : Guduchi, Tinospora
वानस्पतिक परिवार : Menispermaceae

Photo: S.K. Rai, DPR



## परिचय

गुर्जो नेपालको तल्लो समथलबेसीको भागदेखि माथिल्लो पहाडी भाग (७०० मिटरदेखि १,५०० मिटरसम्मको उचाइ) मा पाइन्छ । यो लहर वर्गको वनस्पति कलिलोमा हरियो र छिप्पीएपछि खैरो टाटेमाटे सेता छिया भएको अलि परबाट झ्वाट्ट हेर्दा सर्प जस्तो देखिन्छ । यसको लहरा ३०/४० मिटरसम्म मोटो पनि हुन्छ । गुर्जाका पातहरू लहराहरू का बीचबाट १-१ वटा निस्केको चिल्लो हरिया र फिक्का खैरा रङ्का गोलाकारका हुन्छन् । यसका सानो कलिलो लहरा मसिनो झुस भएका हुन्छन् । यो फागुन चैत महिनामा पलाउने र कार्तिक मंसिरमा पातहरू झर्ने जंगल खौँच र पत्थरिलो ढडान र उत्तरी मोहडा भएको ठाँउमा राम्रो फैलिएको पाइन्छ । यो लहराभित्र नसा भएको हुन्छ । एउटा मूल लहराको डाँसबाट बीचमा अरू लहरा हालेर झांङ्गिने गुर्जो च्यापच्यापी टाँसिने रस निस्कन्छ। यसको लहरा जति छिप्पीयो उति तितो स्वादको हुन्छ ।

## उपयोगी भाग

गुर्जोलाई चौपायाको ओखती मानिने परम्परागत चलन भएपनि यसलाई आयुर्वेदिक पद्धति अनुसार मानव मात्रको धेरै रोगका लागि उपयोगी मानिन्छ । यो पेटको विकार भएमा, अपच हुँदा, गानोगोला भएमा, झाडापखाला लागेमा, दम, श्रघाखोकी लागेमा, ज्वरो आएमा दीर्घ रोगी कमजोरी भएमा, ग्याष्टिक (अम्लपित्त) अल्सरका बिरामी समेतका लागि अमूल्य औषधि हो । यति मात्र नभएर बच्चाहरू को बहुमुत्र र सेतो पिसाब हुने रोगका अलवा गाईवस्तुलाई खारो लागेमा, ढाडिएमा छेराउटे भएमा, रगत गौतेमा, पेट कपेरो हुने भएमा पनि गुर्जो अति उपयोगी हुन्छ ।

## उत्पादन तथा बजार

यसको बजार माग अत्यधिक रहेको छ ।

# काकरसिङ्गी

वैज्ञानिक नाम : Pistacia chinensis subsp. Integerrima (J.L. Stewart.) Rech. f.
स्थानीय नाम : काकरसिलो
अङ्ग्रेजी नाम : Insect Gall in Pistacia
वानस्पतिक परिवार : Anacardiaceae



## परिचय

काकरसिङ्गी कोप्चेइलो, ढुङ्गे, ओसिलो ठाँउमा हुने पतझर बिरूवा हो । यो समुन्द्री सतहबाट ७०० देखि १,५०० मिटरसम्मको उचाइमा हुर्कने गर्दछ । यसका बिरूवा ३० देखि ३२ मिटरसम्म पनि अग्ला हुनसक्छन् । यसको फेदको बोक्राहरू चर्केका खैरो रङ्का र डाँसमा चिल्ला खैरा हुन्छन् । दुब्ला पातला, लाम्चा एकै डाँठमा २, ३ वटा निस्केका पातहरू गाढा हरियो रङ्का हुन्छन् । माघ-फागुनमा नाङ्गो भएको रूखमा फागुनको अन्त्यदेखि चैत महिनासम्ममा पालुवा पलाउने पातभन्दा पहिले फूलहरू झुप्पामा एकैपटक निस्कने गर्दछन् ।

जेठ असारमा काकरसिङ्गीको कोसा लाग्न शुरू भै मंसिर पुसमा पाक्ने गर्दछ । कोसाका फलहरू शुरूमा हरिया गाढा रङ्का देखिए पनि कोसा छिप्पीदै जाँदा खैरो रङ्मा बदलिने गर्दछन् । अन्तमा सुकेपछि काला देखिन्छन् । कोसा बाहिर भुवा भएको चुच्चोका बीचमा ४, ५ इन्चसम्म व्यास भएका बढीमा ४० सेमीसम्म लामा कोसाहरू फल्दछन् । कुनै घुर्मुरिएका भएपनि प्रायः बटारिएका हुन्छन । कोसाहरू हरियो हुँदा जीवित अवस्थामा र सुकेपछि सेतो धुलो भरिएर रहन्छ जो उपचारका लागि अति अमूल्य मान्छिन् । यसको स्वाद टर्रो खालको हुन्छ ।

## उपयोगिता

आयुर्वेदिक पद्धतिअनुसार काकरसिङ्गीको धूलो (कोसाभित्रको भुवा) मानव उपचारका लागि धेरै रोगको प्रभावकारी औषधि मानिन्छ । यसले धेरै खाले रोगलाई अति प्रभावकारी लाभ पुऱ्याउदछ ।

यो दम लागेमा, रूघाखोकी बढेमा, घाँटी समातेमा, ज्वरो आएमा छिटो लाभ पाउनका लागि अतिउपयोगी हुन्छ । काकरसिङ्गीले स्वर बिग्रेको अवस्थाको उपचारमा पनि फाइदा गर्दछ

## उत्पादन तथा बजार

यसको बजार माग अत्यधिक रहेको छ । बजारमा यसको प्रति केजी मूल्य रू. १,१७५ देखि १,७६० सम्म पर्दछ ।

# चुत्रो

| | |
|---|---|
| वैज्ञानिक नाम | : Berberis asiatica Roxb. ex DC.<br>Berberis aristata DC. |
| स्थानीय नाम | : चुत्ता |
| अङ्ग्रेजी नाम | : Barberry |
| वानस्पतिक परिवार | : Berberidaceae |

Photo: Rose Shrestha, DPR



## परिचय

चुत्रो नेपालको उच्च पहाडी भेगमा १,९०० देखि ३,००० मिटरको उचाइमा खुला पाखोमा पाइन्छ । यो बिरूवा २ देखि ५ मिटरसम्म अग्लो हुन्छ । सदावहार काँडेदार झ्याङ भएको चुत्रो हरेक आँख्ला फराकिलो, भालाकृत, माथितिर चौडा र तलतिर चुच्चा काँडा निस्केका छिया भएका पातहरू भएको अण्डाकारको हुन्छ । किनारामा करौतीजस्ता ससाना तिखा काँडा भएका १ देखि ३ सेमी चौडा र २ देखि ५ सेमीसम्म लामा पात हुन्छन् । फूलहरू चैत्र वैशाखमा पहेँलो झुप्पामा फुलेका हुन्छन् । भाले पोथी एउटै फूलमा भएका चुत्रोका फल काँचोमा हरियो र पाकेपछि नीलोकालो रङ्को हुन्छन् । तिलखुरो जस्तै देखिने चुत्राका बोत्राभित्रको रङ्ग पहेँलो र स्वादमा टर्रो तितो हुन्छ ।

## उपयोगी भाग

आयुर्वेदिक पद्धतिअनुसार चुत्रोलाई अति महत्त्वपूर्ण औषधिमूलक जडीबुटी मानिन्छ । यसलाई घाउ खटिरा भएमा, आँखा पकेको बेलामा, बहुमुत्र भएमा, कमलपित्त, ज्वरो खोकी आउँ परेका र टाउको दुख्ने बिरामीका लागि खान लगाउन र घस्न उपयोगी हुन्छ।

## उत्पादन तथा बजार

यसको बजार माग अत्यधिक रहेको छ ।

# निर्मसी



वैज्ञानिक नाम : Delphinium denudatum Wall. Ex Hook. f. & Thomson
स्थानीय नाम : निर्मसी
अङ्ग्रेजी नाम : Larkspur
वानस्पतिक परिवार : Ranunculaceae

## परिचय

निर्मसी नेपालको हिमाली क्षेत्रमा पाइने झार जातिको एकवर्षे वनस्पति हो । यो समुन्द्री सतहबाट १,५०० देखि २,५०० मिटरको उचाइसम्म पाइन्छ । यसको बिरूवा हिमाली पाटनको भिरालो, पाखा, ढुस्केन परेको ठाँउमा चुनबुकी र बडेलोको घाँस फाँटमासँगै हुर्केको पाइन्छ । कुनै झार जंगलमा पनि पाइन्छ । यसैलाई झार निर्मसी भनिन्छ । हिमाली भेगको अति महत्त्वपूर्ण मानिने निर्मसीको बोट १/२ मिटर. अग्लो हुन्छ भने यसका पातहरू खण्डैखण्ड परेका (५ खण्डसम्म) ५ देखि १५ सेमीसम्म लामा सीधै बिरूवाको डाँठबाट निस्केका हुन्छन् । यसको बिरूवामा मसिना रौं जस्ता भुवा (झुस) हुन्छन् । पातहरू छियाछिया परेका आकारमा डाँडामाथि गएर फैलेका हुन्छन् ।

निर्मसीको लाम्चो खाले प्याजी नीलो रङ्का फूलहरू बोटको बीच भागबाट निस्केको डाँसमा फुल्दछ । प्रत्येक २-४ सेमी काण्डका आँख्ला बीचको दूरीमा निस्कने फूल एकतर्फी हुन्छन् । यसको मूल जरा गाना परको मसिना जिलिले घेरेको गाढा पहेँलो रङ्को हुन्छ । यसको गानाको स्वाद हल्का पिरो अलि तितो हुन्छ र अन्तमा टर्रो अनुभव हुन्छ ।

## उपयोगिता

निर्मसी उपचार पद्धतिमा धेरै रोगका लागि अति नै प्रभावकारी र उपयोगी जडीबुटी मानिन्छ । यसले रूघाखोकी, ज्वरो, पहेँलो रोग र पेटको विकारको लागि लाभ पुऱ्याँउदछ भने महिनावारी नखुलेका अवस्थामा महिलालाई तत्काल फाइदा गर्दछ। यसरी यसले बाथरोग, चोट, विष लागेको, घाउ बिसाएको, दाँत, टाउको दुखेको, रगत बगेको र छारे रोग (मुर्छा पर्ने बिरामी) लाई अति नै आराम गर्दछ ।

## उत्पादन तथा बजार

यसको बजार माग अत्यधिक रहेको छ । बजारमा यसको प्रति केजी मूल्य रू. ४,५०० देखि ९,६०० सम्म पर्दछ ।

# शिलाजित

वैज्ञानिक नाम : Rock Exudat
स्थानीय नाम : शिलाज
अङ्ग्रेजी नाम : Shilajeet



## परिचय

शिलाजित नेपालको हिमाली क्षेत्रमा उच्चपहाडको कडा चट्टान पाखन, ठूला पगारका कापहरू मा ,जोजनका चरा र ठूला ढुंगेनका चरहरू मा निस्कने चोप हो । यो हल्का सेतो, गाढा प्याजी खैरौ रङ्को गरी २ थरीको हुन्छ । कालो सिलाजति जताततै पाइने र सेतो शिलाजित सीमित रूपमा पाइने दुर्लभ र बढी उपयोगी मानिन्छ ।

सिलाजु ढुंगाको दरारबाट रसान निस्केर खौँच भएका ठाँउमा/ढुंगाको भागमा चुहिएर थुप्रिएको/बगेको अवस्थामा साह्रो, कडा भएर रहेको हुन्छ भने भरखर निस्केको च्याप च्याप टाँसिने चिप्लो र चट्टो खालको हुन्छ । यो ढुंगेनमा लेसिएर रहेको गउतजस्तो गन्ध ठस्स गनाउने हुन्छ । यसलाई कुटेर पानीमा मिसाउँदा पूर्ण रूपमा घुल्ने र मिसिने हुन्छ । हालसम्म शिलाजित पूर्वदेखि पश्चिमी नेपालसम्म जताततै पाखनहरू मा पाइने भएता पनि विशेष गरेर मध्यपश्चिमाञ्चल क्षेत्रमा नै बढी राम्रो पाइन्छ । यसको स्वाद हल्का टर्रो र गउते खालको हुन्छ । कालिकोटको पलाता भेगमा र बदालकोट, बरातुको ढुंगे चट्टानमा प्रशस्तै पाइन्छ।

## उपयोगिता

हालसम्मको प्रचलनअनुसार यो विभिन्न रोगका लागि लाभदायक मानिन्छ । यसले मानव जीवनको हितकारी गुणदायक तत्त्व दिने हुनाले नसा दुखेमा, जीउ, जोर्नी सुनिएमा ढाड समातेमा, पक्षघात भएमा उपयोग गरिन्छ । यसरी बात/रांगन लागेका बिरामी, मर्केर दुखेको जिउ र चोट लागेर निलडाम भएमा समेत यसको प्रयोग गरिन्छ ।

## उत्पादन तथा बजार

यसको बजार माग अत्यधिक रहेको छ । बजारमा यसको प्रति केजी मूल्य रू. ६०० देखि ८४० सम्म पर्दछ ।

# मजिठो


Photo: S.K. Rai, DPR

| | |
|---|---|
| वैज्ञानिक नाम | : Rubia Manjith Roxb. ex Fleming |
| नेपाली नाम | : मजिठो |
| स्थानीय नाम | : मजिठो |
| संस्कृत नाम | : मजिठा |
| हिन्दी नाम | : मन्जिठा |
| अङ्ग्रेजी नाम | : Indian Madder |
| वानस्पतिक परिवार | : Rubiaceae |

## परिचय

मजिठो नेपालको हिमाली क्षेत्र ४,००० मिटर सम्मको उचाइमा पाइने लहरे झार हो । यो जातका झारहरू धेरै थरी नामले चिनिन्छन्। यसको लहरो चारपाटे आँख्ला भएको खण्डयुक्त हुन्छ । लहराका झारमा गाँठाको दुवैतिर साना खस्रा पातहरू निस्केका हुन्छन् । फिक्का हरियो पात भएको खरानी रङ्गको जेलिने झारे लहरो घाँसे बुट्यान हुने खरपाखाहरू , आली कान्ला, खेतबारीको छेउछेउमा फलेका हुन्छन् । मजेठो वसन्त ऋतु पछि पलाउने र कार्तिक मंसिरमा पात झरेर बोट मर्ने गर्दछ । यसको फूल, गाढा रातो रङ्गको भएको भित्र पहेँलो बेसार रङ्गको हुन्छ। यसको जरा टर्रो स्वादको हुन्छ र डाँसहरू काण्ड छुटिएको झुम्म लहरो हुन्छ । जिउमा लहराले कोर्दा धर्का पर्ने घाउ भई बिझाउने हुन्छ ।

## उपयोगिता

मजिठोलाई आयुर्वेदिक प्रणालीअनुसार सर्पले र बिच्छीले टोकेको समयमा उपचारका लागि उपयोगी मानिन्छ । यसका जरा र बीउलाई पक्षघात भएमा, पेटमा घाउ भएमा, छालाका रोगीहरू समेतका लागि उपयोगी मानिन्छ । मजिठो ऊनी, धागो, सुतिका कपडामा रङ्ग लगाउन, बुट्टा भर्न उपयोगी मानिन्छ । यसबाट पहेँलो रङ्ग बनाउने समेतको काम हुन्छ ।

## उत्पादन तथा बजार

यसको बजार माग अत्यधिक रहेको छ । बजारमा यसको प्रति केजी मूल्य रू. १६५ देखि २८८ सम्म पर्दछ ।

# ओखर

| | |
|---|---|
| वैज्ञानिक नाम | : Junglans regia Linn. |
| नेपालीमा नाम | : ओखर |
| स्थानीय नाम | : ओखड |
| हिन्दी नाम | : अखरोट |
| संस्कृत नाम | : एकसीता |
| अङ्ग्रेजी नाम | : Common Walnut, Walnut |
| वानस्पतिक परिवार | : Junglandaceae |

Photo: Rose Shrestha, DPR



## परिचय

ओखर नेपालको पूर्वदेखि पश्चिमसम्म जतातत्तै प्रशस्त मात्रामा पाइने बहुवर्षीय (फलहरू ढिलो फल्ने) बिरूवा हो। यो समुन्द्री सतहबाट १,२०० देखि २,८०० मिटरसम्मको उचाइमा पाइन्छ । ओखर २ किसिमका हुन्छन् । हाडे ओखरका दानाको कडा बोक्रा भएको र दाँते ओखरको पातलो बोक्रा भएको (कागजे ओखर) हुन्छ । यो ठूलो रूख भएको पतझर बिरूवाले पारिलो हावापानी, पानी नजम्ने, चिसो मलिलो कालो माटो मनपराउछ । यसको बिरूवा अम्लीय माटो, भिरालो ठाँउ र तुसारो जम्ने स्थानमा राम्रो हुँदैन । हाडे ओखर स्थानीय रूपमा उपभोग हुनेगरेको र दाँते विदेश निर्यात भएको पाइन्छ । यो बिरूवा १,८०० मिटर देखि २,८०० मिटरसम्म पाग्रो र फिरफिरे जंगलमा पाइन्छ भने २,००० देखि २,६०० मिटर उचाइमा फलाटे जंगलमा बढी भएको पाइन्छ ।

यसका पातहरू गोला, लाम्चा आकारका छेउमा दाँती भएका हुन्छन् । पातको तल्लो भाग खैरो रङ्गको र माथिल्लो भाग चिल्लो हरियो रङ्गको हुन्छ । चैतवैशाखमा पालुवा पलाई सकेपछि खैरो रङ्गका दानादाना झुप्पा परेको, पोथीमा एउटा र भाले तीनवटासम्म छोटो लठ्टा टुप्पामा झुण्डिएका हुन्छन् । यसको फल असोज कार्तिकमा पाकेर खान,संकलन गर्न योग्य हुन्छ। दानाको बोक्रा र पातको स्वाद पिरो जिब्रो चहर्‍याउने हल्का तितो हुन्छ।

## उपयोगिता

आयुर्वेदिक प्रचलनअनुसार ओखरको पातदेखि फल, जरा समेत बहुउपयोगी मानिन्छ । यसको उपयोग दाँत दुखेमा, गिजा सुन्निएमा, जीउ चिलाएमा, किरा मार्नु परेमा गरिन्छ । यसलाई रङ्ग बनाउने साधनको रूपमा पनि लिइन्छ । ओखर तेलहन बाली पनि भएकोले तेल पेल्न, खान समेत उपयोगी हुन्छ । खुट्टा घिनाएमा, काटिएमा, चोट लागेको, पाकेको घाउमा पनि प्रयोग गर्न सकिन्छ ।

## उत्पादन तथा बजार

यसको बजार माग अत्यधिक रहेको छ ।

# भुतकेश

वैज्ञानिक नाम : Selinum Wallichianum (DC) Raizada & Saxena
स्थानीय नाम : धूपजरा/भुतकेश
अङ्ग्रेजी नाम : Ragwort
वानस्पतिक परिवार : Umbelliferae



## परिचय

भुतकेश नेपालको पहाडदेखि हिमाली भेगसम्म पाइने बहुवर्षीय काँडेदार झार वनस्पति हो । यो लेकाली पाटनहरू का बुकी बडेलो र चुनका फाँटहरू मा थोकै लाको जस्तो काँडेदार पातैपातको समूहमा फैलिएको गाढा खैरोमा नीलो रङ्गको झार हुन्छ । यो २,५०० देखि ४,५०० मिटरसम्मको उचाइ भएको ठाँउमा हुर्किन्छ । यसको धूपजरा मोटो टुप्पो तिखो भएको माथि टाउको तिर मोटो एउटै मूल जरामा बढीमा २ वटासम्म फाटेर फैलिएको, ४५ सेमीसम्म लामो र २५/३० सेमीसम्म गोलाइका मोटा खैरा जरा हुन्छन् ।

धूपजरामा पातहरू वरिपरि तिखा कडा भएको खैरो झुसदार करौते लाम्चा हुन्छन् । कैला गुचुमुच्च काँडा भएका बाटिपातहरू ४/५ इन्चसम्म चौडा र ३०/३५ सेमीसम्म लामा टुप्पो तिखो भएका ३०/४० वटासम्म पात भएका हुन्छन् । यसको साउन भदौमा बोटको बीचबाट कोपिला फक्रेर डाँस निस्कन्छ । त्यस डाँसका वरिपरि काडाँदार फूलहरू फुलेर झरेपछि असोज कार्तिकमा गुच्छाकार थुगाँमा मसिनो लामो सेतो धर्सा भएको बीउ फल्ने गर्दछ । यो कोसा फक्रेर भुवा जस्तै भई मंसिरसम्म झरेर बोट सुक्ने गर्छ र त्यसै बोटमा अरु पात पलाउन फागुन चैतबाट शुरू गर्दछ ।

यसका जराहरू पातलो छालाले घेरेका र सुगन्धित हुन्छन् । यी जराहरू चिप्लो, टाँसिने र मीठो स्वाद र वास्नायुक्त हुन्छन्।

## उपयोगिता

आयुर्वेदिक विज्ञानअनुसार धूपजरा विभिन्न रोगका लागि बहुउपयोगी मानिन्छ । यसको जराको धूलो खानाले रगतमासी पर्ने, सास बढ्ने भएका र ज्वरो आएका बिरामीलाई आराम हुन्छ । यसको जराको घोटेको लेदो लगाउनाले छाला बिग्रेको,घाउ, आँखा पाकेर बिग्रेको रोगीलाई सञ्चो हुन्छ । यसका फूलहरू कुटेर रस खानाले कमजोरी भएका बिरामीलाई फाइदा हुन्छ ।

भुतकेशका जराको धूप बालेर वातावरण सन्तुलन गर्नुका साथै कीरा, लामखुट्टे धपाउन सकिन्छ । यसको प्रयोगबाट नै विभिन्न खाले सुगन्धित धूपबत्तीहरू बनाउने र वास्नादार वस्तु उत्पादन गर्ने गरिन्छ ।

## उत्पादन तथा बजार

यसको बजार माग अत्यधिक रहेको छ । बजारमा यसको प्रति केजी मूल्य रू. १५०. देखि ३०० सम्म पर्दछ ।

Photo: Rose Shrestha, DPR



# घोडताप्रे

वैज्ञानिक नाम : Centella asiatica (L.) Urban.
स्थानीय नाम : घोडताप्रे ,ब्राह्मी
अङ्ग्रेजी नाम : Water Pennywort
वानस्पतिक परिवार : Apiaceae

## परिचय

घोडताप्रे १,००० देखि २,८०० मिटरसम्मको उचाइमा खुल्ला र ओसिलो ठाँउमा पाइने झारवर्गको वनस्पति हो जसको पूरै बिरूवा औषधिको रूपमा प्रयोग हुँदै आएको छ । एकदम मसिना राता सेता फूलहरू फुल्ने यस बिरूवाका पातहरू भने १ देखि १.५ सेमी लामो, १.३ सेमी चौडा र मृगौला आकारको हुन्छ । यो विशेषगरी खेतबारी र कुलोको डिलमा पाइन्छ ।

## उपयोगिता

पूरै बिरूवा औषधिको रूपमा प्रयोग हुँदै आएको छ। यसको पात पेटसम्बन्धी रोग, छारेरोग, स्नायुसम्बन्धी रोग र रगत शुद्ध गर्ने तथा ज्वरोमा प्रयोग गरिन्छ । पातहरू टनिकको रूपमा र स्मरणशक्ति बढाउनको लागि प्रयोग गरिन्छ ।

## उत्पादन तथा बजार

यसको बजार माग अत्यधिक रहेको छ ।

# पारवनवेद

| | |
|---|---|
| वैज्ञानिक नाम | : Bergenia ciliata (Haw.) Sternb & Saxena |
| नेपाली नाम | : पाखनवेद्, पाषणभेद |
| स्थानीय नाम | : पाखनवेद्, सिम्पाडी |
| संस्कृत नाम | : आश्यभेदक, अश्महन, शैलगर्गज |
| अङ्ग्रेजी नाम | : Rockfoil |
| वानस्पतिक परिवार | : Saxifragaceae |

Photo: Rose Shrestha, DPR



## परिचय

पाखनवेद समुन्द्री सतहबाट २,१०० देखि ३,५०० मिटरसम्मको उचाइमा, विशेषगरी नेपालको महाभारत पर्वत श्रृंखलामा पाइन्छ । करिब ३० सेमी अग्लो हुने यो बिरूवा झार वर्गको बहुवर्षीय वनस्पति हो जुन जमिनको सतहमा समानान्तर भएर बढ्ने गर्दछ । पाखनवेदलाई नेपाल सरकारले जरा वर्गको वनस्पतिमा वर्गीकृत गरेको छ । यसको पात १५ देखि ३० सेमी लामो र ५ देखि १० सेमीसम्म चौडा हुने गर्दछ र सबै पात एकै ठाउँबाट पलाउछन् । पातहरू अण्डाकर वा गोलकार र किनारमा मसिना रौंहरूले घेरिएका हुन्छन् । पाखनवेदको फूल चैत्रदेखि जेठसम्म फुल्ने गर्छ र असार साउनमा फल लाग्छ ।

## उपयोगिता

आयुर्वेदिक पद्धतिका अनुसार पाखनवेदका काण्डहरू ज्वरो, झाडापखाला, आउँ, खोकी र हृदयसम्बन्धित रोगहरूका लागि उपयोगी हुन्छ । यसको पूरै बिरूवा पिसाबसम्बन्धी रोगको निराकरणको लागि प्रयोग गरिएको पनि पाइएको छ । यसको जराको रस रक्तश्राव, दम, खोकी तथा रूघाको लाग्दा खाइने गरिन्छ ।

## उत्पादन तथा बजार

यसको बजार माग अत्यधिक रहेको छ । बजारमा यसको प्रति केजी मूल्य रू. ५० देखि ९६ सम्म पर्दछ ।

Photo: S.K. Rai, DPR



# विष

| | | |
|---|---|---|
| वैज्ञानिक नाम | : | Aconitum spicatum(Bruhl) Stapf<br>Aconitum ferox Wall. ex Ser. |
| नेपाली नाम | : | विष |
| स्थानीय नाम | : | विष |
| संस्कृत नाम | : | विष |
| अङ्ग्रेजी नाम | : | Monks hood (Aconite)<br>Nepali Aconite |
| वानस्पतिक परिवार | : | Ranunculaceae |

## परिचय

यो पश्चिमी नेपाल देखि दक्षिण पूर्वी तिब्बत सम्म ३३०० देखी ४३०० मिटरसम्म उचाई भएका ठाउँहरूमा पाइन्छ । नेपालमा माथि उल्लेखित विषका दुवै प्रजातिहरूको कारोबार हुँदै आइरहेको छ । ती मध्ये Aconitum ferox करिब १ मिटर अग्लो हुने बहुवर्षीय वनस्पति हो भने Aconitum Spicatum करिब १ देखि २ मिटरसम्म अग्लो दुई वर्षीय झार प्रकृतिको वनस्पति हो । Aconitum ferox को पात भेट्नु भएको,गोलाकार ,हत्केला जस्तो गरी फाटेको (Palmately lobed) हुन्छ र ८ देखि १५ सेमीसम्म लामो हुन्छ । यसका फूलहरू नीलो रंगका १० देखि १२ वटासम्म झुप्पामा भदौदेखि असोजसम्ममा फुल्दछन् । त्यसैगरी Aconitum Spicatum को पात भने धेरै नै फाटेको र नरम रौंहरू भएको हुन्छ र यसका फूलहरू प्याजी रंगमा झुप्पामा फुल्दछन् । ती १५ देखि ४० सेमीसम्म लामा हुन्छन् र भदौदेखि असोजसम्ममा फुल्ने गर्दछन् ।

## उपयोगिता

दुवै प्रजातिको गानो अत्यन्तै विषालु हुन्छ। विष खाएका जनावरको उपचारका लागि यसको जरा (गानो) निश्चित प्रकृयापछि औषधिको रूपमा प्रयोग गरिन्छ। Aconitum Spicatum को गाना अन्य Aconitum प्रजातिभन्दा बढीनै विषालु हुन्छ ।

## उत्पादन तथा बजार

यसको बजार माग अत्यधिक रहेको छ ।

# भोजपत्रको बोक्रा

वैज्ञानिक नाम : Betula utilis D.Don
नेपाली नाम : भोजपत्रको बोक्रा
स्थानीय नाम : भोजपत्रको बोक्रा
संस्कृत नाम : भूर्ज
अङ्ग्रेजी नाम : Birch, Himalayan Silver Birch
वानस्पतिक परिवार : Betulaceae



## परिचय

भोजपत्रलाई हिमालयको रैथाने प्रजाति मानिन्छ र यो यस क्षेत्रमा समुन्द्री सतहबाट ४,५०० मिटरसम्मको उचाइमा अधिकतम २० मिटरसम्म अग्लो भएर फल्ने गर्दछ । यो एउटा पतझड श्रख हो । यसको पात सानो भेट्नु भएको, ३ देखि १२ सेमी लामो र २ देखि ७ सेमी चौडा हुन्छ । त्यसैगरी पातहरूको सतह चिल्लो र किनारा लामो छोटो दाँती परेको र मध्य नसामा केही झुस भएको हुन्छ । असार देखि असोजसम्म फुल्ने यसका फूलहरूमध्ये भाले फूल तल झुकेर र पोथी फूल माथि फर्केर फुल्ने गर्दछन् ।

## उपयोगिता

यसको प्रयोग बोक्राको धूलो धूप बनाउन प्रयोग गरिन्छ । बोक्रालाई शक्तिवर्धक औषधिको रूपमा, ज्वरो, रूघाखोकी, पेटको कीरा मार्न, पिसाब खुलाउन र कमलपित्तमा समेत प्रयोग गरिन्छ। स्थानीयरूपमा बोक्रालाइ सामान बेर्न, छाना छाउन, अन्नलाई कीराबाट बचाउन, किटनाशकको रूपमा र अन्नलाई पानीबाट जोगाउन प्रयोग गरिन्छ । भोजपत्रमा बेतुलिन नामक तत्त्व पाइन्छ जसलाई बेतुलिनिक एसिडमा परिणत गर्न सकिन्छ । यो एसिडले कलेजो र फोक्सोको क्यान्सरलाई बढ्नबाट रोक्ने अध्ययनले देखाएको छ ।

## उत्पादन तथा बजार

यसको बजार माग अत्यधिक रहेको छ ।

# हुम्ला तथा मुगु जिल्लामा
# पाइने केही महत्वपूर्ण गैरकाष्ठ
# वन पैदावारहरु को दिगो व्यवस्थापन तौर तरीका

| क्र.सं. | प्रजातिको नाम | परम्परागत उपयोग | संकलन समय |
|---|---|---|---|
| १ | अतिस  | ज्वरोमा, खोकीमा, पखाला लागेमा, रगतमासीमा, रगत शुद्धिकरण गर्न, तागत दिन, पेट दुखेमा र हैजा भएमा | कार्तिक देखि पुस |
| २ | काउलो  | अगरबत्ती, सेलरोटी बनाउन | नयाँ पालुवा आउनुअघि पुसदेखि माघ महिना ताका वयस्क बोटको काण्डबाट बोक्रा |
| ३ | कुटकी  | उच्च रक्तचाप, आँखा दुखेको, दाद, कुष्ठरोग, फोक्सोको समस्या, कमलपित्त, रक्तअल्पता, श्रघा खोकी, ढाड दुखेको, कब्जियत आदि विभिन्न रोग तथा स्वास्थ्य सम्बन्धी समस्याको उपचारमा | कार्तिकदेखि मंसीर महिनामा |

| दिगो संकलन | खेती प्रसारण | भण्डारण | राजस्व रू. |
|---|---|---|---|
| ■ माउ बिरूवा परिपक्व भएर बीउ झरिसकेपछि,<br>■ घुम्ती संकलन प्रणाली अवलम्बन गरी प्रत्येक क्षेत्रबाट कम्तीमा ६०देखि ७० प्रतिशत परिपक्व बोटहरू बाट वयस्क जराहरू  मात्र संकलन गर्ने | खेती बीउबाट र जराबाट | माटो झारेर पानीले पखाली मधुरो घाम वा छायामा सुकाउनु पर्दछ | १५ |
| ■ बोक्रा संकलन गर्दा काउलोको मुख्यकाण्डको छातीको उचाइमा (DBH) कम्तीमा पनि ३६ इन्च भन्दा बढी गोलाई हुनु पर्दछ<br>■ ४० देखि ५० प्रतिशत बोटहरू  त्यत्तिकै छोडी १ देखि २ वर्षको फरकमा संकलन<br>■ नयाँ पालुवा नआउदै उपयुक्त काण्ड भएका बोटहरू को एक तिहाई गोलाईबाट मात्र सफा र धारिलो हाते औजारले बोक्रा निकाल्ने र दक्षिणी भागबाट निकाल्ने | बीउबाट | बोक्रा वा प्रशोधित धूलोलाई छाँया वा ड्रायरमा राम्रोसँग सुकाएर जुटको बोरामा भरेर ओभानो र हावा लाग्ने ठाउँमा भण्डारण गर्नुपर्दछ | १५ |
| ■ पुराना र मोटा काण्ड तथा जराहरू  मात्र झिक्नुपर्दछ<br>■ टुप्पातिरका कलिला जरासहितका काण्डहरू लाई माटोमा रोपेर छोड्नाले पुनरूत्पादनमा सहयोग मिल्दछ<br>■ प्रत्येक क्षेत्रमा कम्तीमा पनि ३० देखि ४० प्रतिशत प्राकृतिक अवस्थामै छोडिदिंदा पुनरूत्पादन चाँडो हुन गई बढीउत्पादन हरेक वर्षमा लिन सकिन्छ | बीउ तथा काण्डको टुक्राबाट | काण्डहरू  पानीले राम्रोसँग पखालेर घाम वा छहारीमा सुकाइन्छ । पूर्णरूपमा सुकेका काण्डहरू लाई ठूलो र साना टुक्राहरू मा छुट्याई १५ वा २० किलोका कपडा वा जुटको बोरामा बाँधेर ओभानो हावा लाग्ने ठाउँमा भण्डारण गरिन्छ | १५ VU |

| क्र.सं. | प्रजातिको नाम | परम्परागत उपयोग | संकलन समय |
|---|---|---|---|
| ४ | गुच्ची च्याउ  | शक्तिवर्धक, यौनशक्ति बढाउने र मुटुलाई स्वस्थ राख्ने, ज्वरो आउदा, बिरामी हुँदा र पेटसम्बन्धीसमस्याको उपचारमा | जेठदेखि असार महिनामा परिपक्व भई फक्रने हुनाले उक्त समय संकलनका लागि उपयुक्त |
| ५ | जटामसी  | अल्सर, छारे रोग, हैजा, ज्वरो, खोकी, पाइल्स, पेट दुखेको आदि विभिन्न समस्याको निदानको लागि प्रयोग | असोजदेखि मंसिरभित्र पातहरू पहेँलिएपछि गर्नु उपयुक्त |
| ६ | टिमुर  | मसला, औषधि, सुगन्धित तेल र जैविक विषादिको रूपमा | टिमुरको फल असोजदेखि कार्तिकमा परिपक्व भएपछि |

| दिगो संकलन | खेती प्रसारण | भण्डारण | राजस्व रू. |
|---|---|---|---|
| ▪ पूर्ण रूपमा विकसित भएर बीज झरेपछि गर्नु पर्दछ ।<br>▪ राम्रोसँग फक्रिएपछि मात्र संकलन गरेमा यसका बीजहरू वरपर वातावरणमा छरिएर पुनरूत्पादनलाई सहयोग पुग्न जान्छ<br>▪ परिपक्व च्याउलाई विस्तारै जमीनमुनि हुने तन्तु नखलबलिने गरी संकलन गर्नु पर्दछ । | ढुसी | माटो झारेपछि छहारी वा मधुरो घाममा सुकाउने, सुकेका च्याउलाई धागोमा उनेर सुख्खा ठाउँमा झुन्ड्याउन सकिन्छ । | ३०० |
| ▪ बीउ झरिसकेपछि र पात पहेँलो र ओइलाएको अवस्थामा<br>▪ ठुला आकारका बिरूवाका झुप्पाहरू बाट मात्र जमीन विस्तारै खनेर ३ देखि ४ वर्ष माथिका जरा निकाली कलिला काण्डहरू लाई राम्रोसँग माटोले छोपी छोड्नु<br>▪ घुम्ती संकलन प्रणाली अवलम्बन गरी प्रत्येक क्षेत्रबाट कम्तीमा ५० प्रतिशत परिपक्व बोटहरू बाट पुराना काण्डहरू मात्र संकलन गर्ने | बीउ र जराबाट | माटो झारी, पानीले धोएर मधुरो घाममा सुकाउनु पर्दछ, ठुला र साना काण्डहरू बाट प्रशोधन गर्न सकिने सुगन्धित तेलको परिमाण र गुणस्तर फरक पर्ने हुनाले सकेसम्म जराहरू लाई सानो ठूलो छुट्याएर ग्रेडिङ्ग गर्ने र फरक फरक बोरामा सुकेका जराहरू लाई कपडाका बोरामा बाँधी सुख्खा हावा लाग्ने ठाउँमा भण्डारण गर्नु पर्दछ । | १५ EN |
| हातले टिपेर वा लट्ठीले झारेर बोटमुनि प्लाष्टिक बिछ्याएर संकलन गरिन्छ । संकलन गर्दा फलका झुप्पाहरू छाँट्न सकिन्छ तर ठुलो हाँगाहरू काट्ने गर्नु हुँदैन । प्राकृतिक रूपमा भएका बोटहरू बाट टिमुरको संकलन गर्दा २० देखि ३० प्रतिशत पाकेका फलहरू रूखमा नै छोड्ने गरिन्छ । | खेती बिउबाट र हाँगाको कटिङ्गबाट | संकलन गरेपछि राम्रोसँग सरसफाई गरी अनावश्यक पात र डाँठहरू हटाई घाममा सुकाउने । पूर्णरूपमा घाममा सुकेका टिमुरका कडा दानाहरू लाई बोरामा हाली ओभानो र सुख्खा ठाउँमा भण्डारण गर्ने । | ८ |

| क्र.सं. | प्रजातिको नाम | परम्परागत उपयोग | संकलन समय |
|---|---|---|---|
| ७ | **पदमचाल, चुल्ठी**  | काण्ड तथा जरा पखाला लागेमा, कब्जियतमा, वाथरोगमा, कमजोरी हुँदा, वायु सम्बन्धित समस्यामा | बोट असोजदेखि कार्तिक ताका परिपक्व हुने हुँदा यसको काण्ड तथा जरा यसै समयमा संकलन गर्नुपर्दछ । |
| ८ | **पाखनवेद**  | शरीरको पत्थरी हटाउन, क्यान्सर, आँउ, झाडापखला, ज्यान दुखेमा, ज्वरो आएमा र पेटको जुका मार्न | काण्डहरू मंसिरपछि वा बीउहरू झरिसकेपछि |
| ९ | **पाँच औंले**  | टाउको दुखेको, खोकी, ज्वरो, पिसाबसम्बन्धी समस्यामा, तागत बढाउन, यौन शक्ति बढाउन र सुत्केरी महिलाको दूध बढाउन प्रयोग गरिदै आएको | असोजदेखि कार्तिक महिनामा महिनामा बीउ झरीसकेपछि<br>▪ वयस्क बोटबाट माउ गानोको एक वा दुई खण्ड पुनरूत्पादनका लागि छोड्नु पर्दछ<br>▪ कम्तीमा पनि ३० देखि ४० प्रतिशत बोटहरू प्राकृतिक अवस्थामै छोडिदिंदा पुनरूत्पादन चाँडो हुन गई दिगो उत्पादन लिन सकिन्छ |

| दिगो संकलन | खेती प्रसारण | भण्डारण | राजस्व रू. |
|---|---|---|---|
| ▪ काण्ड र जरा संकलन गर्दा बीउ पाकेर झरिसकेपछि<br>▪ जरा संकलन गर्दा बीउ झरिसकेपछि केही भाग त्यहि छोडी पुरानो भाग सावधानीपूर्वक निकाली माटोले छोपिदिनु पर्दछ<br>▪ प्रत्येक क्षेत्रबाट कम्तीमा ७० देखि ७५ प्रतिशत परिपक्व बोटहरू बाट वयस्क काण्डहरू मात्र संकलन गर्ने विधि अपनाउनु पर्दछ । | बीउबाट र जराबाट | माटो झारी, पानीले धोएपछि ससाना टुक्रा पारेर मधुरो घाममा सुकाइन्छ । सामान्यतयाः टुक्राहरू लाई धागोमा उनेर पनि सुकाउने गरिन्छ । पूर्ण रूपमा सुकेका जराहरू लाई बोरामा हालेर बाँधी सुख्खा हावा लाग्ने ठाउँमा भण्डारण गर्नुपर्दछ । पातका डाँठहरू असारदेखि साउनसम्ममा संकलन गरी चुल्ठो झैं बटारेर भुन्ड्याएर सुकाइन्छ । | ५ |
| पात पलाएका काण्डलाई उखेल्नु हुँदैन । पात पलाएका काण्डहरू र कलिला बिरूवाहरू लाई राम्रोसँग माटोले छोपेर राख्नुपर्दछ । संकलकले पाखनवेद हुने क्षेत्रमा घुम्ती संकलन प्रणाली अवलम्बन गरी प्रत्येक क्षेत्रबाट कम्तीमा ७० देखि ७५ प्रतिशत परिपक्व बोटहरू बाट वयस्क काण्डहरू मात्र संकलनगर्ने विधि अपनाउनु | बीउबाट र जमिन माथिका काण्डहरू बाट | संकलन गरिएका काण्डहरू लाई राम्ररी माटो झारी, पानीले धोएर मधुरो घाममा सुकाउनु पर्दछ । पूर्ण रूपमा सुकेका काण्डहरू लाई सानो ठूलो छुट्याएर ग्रेडिङ्ग गर्ने र फरक फरक बोरामा हालेर बाँधी सुख्खा हावा लाग्ने ठाउँमा भण्डारण गर्नुपर्दछ । | ५ |
| व्यावसायिक खेतीको सुरूवात भईनसकेतापनि यसको खेती बीउ र गानोबाट गर्न सकिन्छ | | सानो र ठूलो गानोहरू लाई छुट्याएर ठूलो जरालाई टुक्रा पारी घाम वा छहारीमा सुकाउनु पर्दछ । पूर्णरूपमा सुकेको गानोका टुक्राहरू लाई साइज अनुसार भिन्न भिन्न कपडाका थैलोहरू मा राखी ओभानो र हावा खेल्ने ठाउँमा भण्डारण गर्नु पर्दछ । | १०००, II CE |

| क्र.सं. | प्रजातिको नाम | परम्परागत उपयोग | संकलन समय |
| --- | --- | --- | --- |
| १० | **मजिठो**  | आउँ पर्दा, पेटको कीरा मार्न, आगोले पोलेकोमा, वाथ, सुन्निएको, प्रमेह, अल्सर, पक्षघात र चर्म रोगको उपचारको लागि, प्राकृतिक रङ्ग | पुस महिनापछि |
| ११ | **यार्सागुम्बा**  | शक्तिवर्धक, रगत बढाउने, स्मरण शक्ति बढाउने र यौन उत्तेजना बढाउन, तागत बढाउन, क्षयरोग, खोकी, रक्त अल्पता, मृगौलाको समस्या भएमा, निद्रा नलागेमा,अपच भएमा, कलेजोमा समस्या | हिउँ पग्लेपछि जेठको दोस्रो हप्तादेखि असार सम्म ढुसी सहितको पूरा भाग |
| १२ | **लौठसल्ला**  | स्तन, पाठेघर र टाउकोको क्यान्सर र ट्युमरको उपचारको लागि, दम, खोकी, ज्वरो, श्रघाखोकी, अपच, पखाला, पेट दुखेको र टाउको दुखेको उपचारमा र शक्तिवर्धक टनिकको रूपमा | फल परिपक्व भएर झरेपछि मात्र पात संकलन असोजदेखि कार्तिक महिनापछि |

| दिगो संकलन | खेती प्रसारण | भण्डारण | राजस्व रू. |
|---|---|---|---|
| ▪ डाँठ र जरा संकलन गर्दा माउ बिरूवा परिपक्व भएर बीउ झरिसकेपछि<br>▪ लहरा संकलन गर्दा बीउ नलागेका भाग मात्र संकलन गर्ने र माथि बीउ लागेको भाग छोड्ने गर्नु पर्दछ ।<br>▪ घुम्ती संकलन प्रणाली अवलम्बन गरी प्रत्येक क्षेत्रबाट कम्तीमा ६० देखि ७० प्रतिशत परिपक्व बोटहरू बाट वयस्क जरा वा डाँठहरू संकलन गर्ने | काण्डको कटिङ्ग र बीउबाट | राम्रोसँग माटो झारेर पानीले पखाली मधुरो घाम अथवा छायामा सुकाउनु पर्दछ । यसका डाँठहरू लाई जथाभावी लुछ्नुभन्दा सावधानीपूर्वक हँसियाले काटेर संकलन गर्नु पर्दछ । डाँठहरू संकलनपश्चात पूर्णरूपमा सुकेपछि १ वा २ केजी को मुठा पारी हावा खेल्ने ओभानो ठाउँमा भण्डारण गर्नु पर्दछ । | ५ |
| ▪ जीवनचक्र पुरा हुन एकदेखि दुई वर्ष लाग्दछ<br>▪ उपयुक्त जातको ढुसी र पुतली सुलभ प्राकृतिक वातावरणमा पाइनु जरूरी छ (हेपियालुस प्रजातिका राति उड्ने मोथ)<br>▪ पाटन तथा खर्कहरू मा चक्रीय अथवाघुम्ती योजनामा आधारित संकलन प्रणाली अपनाई प्रत्येक वर्षमा फरक फरक ब्लकबाट संकलन गर्ने | | दुई दिन जति हावामा फिजाएर सुकाउनु पर्दछ । हावामा सुकाएपछि विस्तारै नरम ब्रसले यार्चागुन्बाको माटो झार्नु पर्दछ । सफा गर्दा सकभर यार्चागुन्बालाई टुक्रिन दिनु हुँदैन । साना र ठूला यार्चागुम्बालाई छुट्याएर, ओभानोठाउँमा सुरक्षित तरिकाले भण्डारण गर्नु पर्दछ । | २५,००० |
| ▪ बोक्रा संकलनलेबोटलाई अत्यन्त हानी पुऱ्याउने गरेको पाइएकोले बोक्रा संकलन उपयुक्त मानिदैन<br>▪ हुर्केका बोटहरू बाट पात संकलन गर्दा कम्तीमा पनि बोटहरू २० सेमी व्यास भएका हुनुपर्दछ ।<br>▪ पातको संकलन गर्दा प्रत्येक २ देखि ३ वर्षको फरकमा मात्र गर्ने र प्रत्येक पटक संकलन गर्दा ४० देखि ५० प्रतिशत हाँगाहरू नझ( ारिकन त्यसै छोडिदिनु पर्दछ । | बीउ र कटिङ्गबाट | साना साना टुक्रा पारेर मधुरो घाममा राम्रोसँग सुकाएर कपडाको थैलोहरू मा राखी ओभानो ठाउँमा भण्डारण गर्नुपर्दछ । | ३० EN |

| क्र.सं. | प्रजातिको नाम | परम्परागत उपयोग | संकलन समय |
|---|---|---|---|
| १३ | **विष जरा**<br> | ज्वरोमा, पखाला लाग्दा, घाँटी दुखेमा, खोकी लाग्दा, सुन्निएमा तर विषालु हुने | वयस्क जराहरू को व्यावसायिक संकलन असोजदेखि कार्तिकमा बीउ<br>झरिसकेपछि र पातहरू पहेँलिएपछि |
| १४ | **सतुवा**<br> | जरा शक्तिवर्धक औषधीको रूपमा प्रयोग गरिन्छ । पेटको जुका र किराहरू मार्न, पेटसम्बन्धी समस्यामा, खोकी लाग्दा, घाउ तथा खटिराको उपचारमा | जराहरू को संकलन भदौदेखि असोजमा बोटहरू परिपक्व भएपछि |

| दिगो संकलन | खेती प्रसारण | भण्डारण | राजस्व रू. |
|---|---|---|---|
| विष जरा पाइने क्षेत्रमा घुम्ती संकलन प्रणाली अवलम्बन गरी प्रत्येक क्षेत्रबाट कम्तीमा ६० देखि ७० प्रतिशत परिपक्व बोटहरू बाट वयस्क जराहरू मात्र संकलन गर्ने | बीउबाट र पुरानो जराबाट | राम्रो गरी माटो झारेर पानीले पखाली मधुरो घाम वा छायामा सुकाउनु पर्दछ । संकलन पश्चात जराहरू लाई ग्रेडिङ्ग गरी ठूलो आकारकालाई विक्रीको लागि र सानालाई फेरि रोप्नका लागि छुट्याउनु पर्छ । ग्रेडिङ्ग गरी सफा गरिसकिएका ठुलो आकारका जराहरू पूर्णरूपमा सुकेपछि कपडा अथवा जुटका बोरामा बाँधेर सुख्खा ठाउँमा भण्डारण गर्नुपर्छ । | १० TR |
| ▪ जरा संकलन गर्दा माउ बिरूवा परिपक्व भएर बीउ झरिसकेपछि भदौदेखि असोजमा गर्नु पर्दछ<br>▪ घुम्ती संकलन प्रणाली अवलम्बन गरी प्रत्येक क्षेत्रबाट कम्तीमा ६० देखि ७० प्रतिशत परिपक्व बोटहरू बाट वयस्क जराहरू मात्र संकलन गर्ने विधि अप( नाउनु पर्दछ | बीउबाट र जराबाट | माटो हटाएर पखालिन्छ र मधुरो घाम अथवा छायामा सुकाउने गरिन्छ । पूर्णरूपमा सुकेका ठूलो र साना जराहरू छुट्याई कपडा अथवा जुटका बोरामा बाँधेर सुख्खा हावा नपस्ने गरी ओभानो ठाउँमा भण्डारण गर्नुपर्छ । | २० EN, VU |

## साइटिस

- स्तनधारी ५०, पंक्षी १०८, सरीसृप २९, उभयचर २, किटपतङ २, वनस्पति ४७६ IUCN मा सुचिकृत गरीएको
- बिरूवामा I २, II ४६८ र III ६ र जटामसी, लौठसल्ला, रूखउन्यु, सर्पगन्धा II CITES मा सुचिकृत गरीएको

## अनुसूची १: कर्णाली अञ्चलमा पाइने जडीबुटी तथा तिनको रोयल्टी दर

**नेपाल राजपत्र**

**नेपाल सरकारद्धारा प्रकाशित**

**खण्ड ५८) काठमाडौं, असार २३ गते २०६५ साल (संख्या १३**

**भाग ५**

**नेपाल सरकार**

**वन तथा भू संरक्षण मन्त्रालयको**

**सुचना**

| क्र.सं. | नेपाली नाम | वैज्ञानिक तथा अङ्ग्रेजी नाम | रोयल्टी दर प्रति केजी |
|---|---|---|---|
| १ | अत्तिस | Aconitum heterophyllm, Delphinium himalayai | १५ |
| २ | उन्यू | Dryopters filix-mas D.cochleata | ८ |
| ३ | कुचिला | Strychonos nux-vomica | ७ |
| ४ | कुट्की | Neo-picrorhiza scrophulariifolia | १५ |
| ५ | कुरिलो । सतवाली | Asparagus spp | ५ |
| ६ | चुत्रो, दाश्रहल्दी | Berberis spp | ८ |
| ७ | जटामसी | Nardostachys grandiflora | २० |
| ८ | टुकी फूल | Taraxacum officinale | ५ |
| ९ | निरमसी, निरविषी | Delphinium denudatum | ५० |
| १० | पदमचाल, अमदवेद | Rheum austral | १० |
| ११ | पाँचऔले | Dactylorhiza hatagirea | १००० |
| १२ | वनलसुन | Allium wallichii | १० |
| १३ | विष | Aconitum spp | १० |
| १४ | बोझो | Acorus calamus | ५ |
| १५ | भूतकेश | Selinum tenuifolium | ५ |
| १६ | सतुवा | Paris polyphylla | १५ |
| १७ | सिस्नु | Urtica dioica | २ |
| १८ | सुगन्धवाल | Valeriana jatamansi v. Wallichii | १५ |
| १९ | ओखर | Juglans regia | १०० |
| २० | ओखर फल | Juglans regia | ५ |
| २१ | काफल | Myrica esculenta | १०० |
| २२ | धुपी | Juniperus spp | २५ |
| २३ | भोजपत्र | Betula utilis | २० |
| २४ | सल्ला | Pinus spp | २ |
| २५ | गुर्जोलहरा गुडुची | Tinospora sinensis T.Cordifolia | २ |

| | | | |
|---|---|---|---|
| २६ | डालेचुक | Hippophae spp. | १ |
| २७ | तितेपाती | Artemisia spp. | १ |
| २८ | लौठसल्ला | Taxus baccata/ t. Wallichiana | २५ |
| २९ | गुँरास चिमालो | Rhododendron spp | २ |
| ३० | बुकी फूल | Gnaphalium spp Anaphalis spp. | १ |
| ३१ | देवदार | Cedrus deodara | १०० |
| ३२ | धतुरो | Datura spp. | २ |
| ३३ | धूपीको गेडा | Juniperus spp | ३ |
| ३४ | पांग्रा | Entada phaseoloides Aesculus indica | ५ |
| ३५ | गुच्ची च्याउ | Morchalla spp | ३०० |
| ३६ | घोडेताप्रे ब्राहमी | Centella asiatica | १ |
| ३७ | चिराइतो | Swertia spp | १५ |
| ३८ | झ्याउ | Lichen | १५ |
| ३९ | यार्सा | Cordyceps spp. | १०००० |
| ४० | साधारण च्याउ | Wild mushroom | ५ |
| ४१ | मह | Bee honey | १० |
| ४२ | शिलाजित | Rock exudate / Asphaltum | ५० |

श्रोतः नेपाल सरकार

## अनुसूची २ : हुम्ला जिल्लामा कार्यरत सरकारी कार्यालयहरु

| क्र.स. | कार्यालयको नाम | कार्यालयको सम्पर्क नम्बर |
|---|---|---|
| १ | हुम्ला जिल्ला अदालत | ०८७–६८००९५ |
| २ | जिल्ला प्रशासन कार्यालय | ०८७–६८००३३/३४ |
| ३ | जिल्ला विकास समितिको कार्यालय | ०८७–६८००१८/१५ |
| ४ | नेपाली सेना | ०८७–६८००२१/५६ |
| ५ | जिल्ला प्रहरी कार्यालय | ०८७–६८००५५/९९ |
| ६ | जिल्ला शिक्षा कार्यालय | ०८७–६८०००५ |
| ७ | जिल्ला स्वास्थ्य कार्यालय | ०८७–६८०१२४ |
| ८ | जिल्ला वन कार्यालय | ०८७–६८०१२९ |
| ९ | जिल्ला कृषि विकास कार्यालय | ०८७–६८००११ |
| १० | जिल्ला पशुसेवा कार्यालय | ०८७–६८००१० |
| ११ | जिल्ला हुलाक कार्यालय | ०८७–६८००१६ |
| १२ | जिल्ला सरकारी वकिल कार्यालय | ०८७–६८००९६ |
| १३ | जिल्ला निर्वाचन कार्यालय | ०८७–६८००२३ |
| १४ | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | ०८७–६८००८३ |
| १५ | जिल्ला मालपोत कार्यालय | ०८७–६८००२५ |
| १६ | कोष तथा लेखा नियन्त्रण कार्यालय | ०८७–६८००३६ |
| १७ | जिल्ला प्राविधिक कार्यालय | ०८७–६८००५८ |
| १८ | दूरसञ्चार कार्यालय | ०८७–६८००४४/६६ |
| १९ | महिला तथा बालबालिका कार्यालय | ०८७–६८००६५ |
| २० | घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय | ०८७–६८००५२ |

| | | |
|---|---|---|
| २१ | नेपाल खाद्य संस्थान कार्यालय | ०८७-६८००१७ |
| २२ | राष्ट्रिय वाणिज्य बैंक कार्यालय | ०८७-६८००३१ |
| २३ | कृषि विकास बैंक शाखा कार्यालय | ०८७-६८००१२ |
| २४ | सिमकोट नागरिक उड्डयन कार्यालय | ०८७-६८०१३७/८० |
| २५ | हिल्दुम विद्युत वितरण कार्यालय | ०८७-६८००४६ |
| २६ | जिल्ला आयुर्वेद कार्यालय | ०८७-६८००२७ |
| २७ | जिल्ला नापी कार्यालय | ०८७-६८००२६ |
| २८ | आलुबाली विकास केन्द्र | ९८४८९०१२१५ |
| २९ | सिँचाई इकाई कार्यालय | ०८७-६८०१२३ |
| ३० | नेपाल जलवायु परिवर्तन सहयोग कार्यलय | ०८७-६८०२२७ |

| | | |
|---|---|---|
| १ | हुम्ला उद्योग वाणिज्य संघ | ०८७-६८०१२० |
| २ | ग्रामीण जलश्रोत व्यवस्थापन परियोजना तेश्रो चरण | ०८७-६८०१४४ |
| ३ | रिड्स नेपाल | ०८७-६८००४८ |
| ४ | सिप नेपाल | ०८७-६८०७१ |
| ५ | गुर्ड नेर्वस | ०८७-६८०१०८ |
| ६ | स्नोल्याण्ड एकीकृत विकास केन्द्र | ०८७-६८०२०८/५९ |
| ७ | हिमालयन कन्जर्वेशन डिभलोमेन्ट एशोसियसन | ०८७-६८०१५२ |
| ८ | नेपाल ट्रष्ट | ०८७-६८००७३ |
| ९ | नापो संस्था नेपाल | ०८७-६८००२८ |
| १० | किर्डाक नेपाल | ०८७-६८०१०५ |
| ११ | महिला कल्याण सेवा | ०८७-६८०१६१ |
| १२ | ग्रामीण जनउत्थान विकास कार्यक्रम | ०८७-६८०११३ |
| १३ | हिमाली नवीन समाज | ०८७-६८०१०४ |
| १४ | हुम्ला विकास पहल | ०८७-६८०१९३ |
| १५ | फाउन्डेशन नेपाल | ०८७-६८०२०९ |
| १६ | नेपाल ग्रामीण पुनः निर्माण संस्था | ९८४८३०९१०५ |
| १७ | महिला शान्ति समाज नेपाल | ०८७-६८०१६२ |
| १८ | टि.डि.यच नेपाल | ९८५८०२१४०९ |
| १९ | हेड नेपाल | ०८७-६८०२१६ |
| २० | साहारा समूह | ०८७-६८०२३८ |
| २१ | आधार विकास नेपाल | ०८७-६८०१९५ |
| २२ | नियो नेपाल | ९८५८०२१४०९ |

## अनुसूची ३: हुम्ला जिल्लामा कार्यरत एयरलाईन्सका कार्यालयहरु

| क्र.सं. | वायुसेवाको नाम | सम्पर्क व्यक्ति | सम्पर्क नम्बर |
|---|---|---|---|
| १ | नेपाल वायुसेवा निगम | युवराज शाही | ०८७-६८००३७ |
| २ | सिता एयरलाईन्स | छेपाल लामा | ०८७-६८०१६९ |
| ३ | तारा एयरलाईन्स | सरस्वती लामा | ०८७-६८००६० |
| ४ | गोमा एयरलाईन्स | गोविन्द लामा | ०८७-६८०२०३ |
| ५ | मकालु एयरलाईन्स | लोकेन्द्र रोकाया | |
| ६ | काष्ठमाण्डौं एयरलाईन्स | रामजंग रोकाया | |

## अनुसूची ४ : हुम्ला जिल्लामा गठन तथा दर्ता भएका सामुदायिक वनको विवरण

| क्र.सं. | नाम थर | दर्ता नं. | ठेगाना |
|---|---|---|---|
| १ | ईगर हेगे खेल्सी | ३७ | मुचु १ |
| २ | पाल्वांग टासिक | ३८ | मुचु ५ |
| ३ | रिउरर्गेन | ४९ | मुचु ६ |
| ४ | सल्ली लेख | ६६ | खगालगाँउ७,८ र ९ |
| ५ | स्यायोग्मा | ७४ | मुचु ७ |
| ६ | ग्वालेखोर | १ | डाडाफया ३ |
| ७ | पानीमुल | २ | डाडाफया ४ |
| ८ | स्याउली | ३ | खार्पुनाथ ३,४,५ र ६ |
| ९ | मालिका देवि | ४ | खार्पुनाथ ७ |
| १० | खादेपातल | ५ | खार्पुनाथ ८ र ९ |
| ११ | थाली | १२ | राया ५ देखि ९ |
| १२ | मौरी | १३ | राया २ देखि ४ |
| १३ | ग्वोराक्टु | १८ | सिमकोट ७ र ८ |
| १४ | ताक्पाफुक | १९ | वरगाँउ७, ८ र ९ |
| १५ | लाली | २० | लाली ५ र ६ |
| १६ | प्युस | २२ | लाली ७,८ र ९ |
| १७ | गोप्का | २३ | लाली १ देखि ४ |
| १८ | हिल्सा | २५ | छिप्रा १,५,६,र ७ |
| १९ | चन्दनाथ | २७ | छिप्रा २,३,४,८ र ९ |
| २० | तोर्पा हुटिंग | २८ | वरगाँउ ५ र ६ |
| २१ | लांदु गुम्वा | २९ | वरगाँउ ३ |
| २२ | राताढुंगा भुलभुले | ३२ | सिमकोट ६ |
| २३ | टिका पातल | ३३ | सिमकोट १ देखि ७ सम्म |
| २४ | ओग्यग्रन | ३४ | डाडाफया १,२ र ५ |
| २५ | तरथुमथुम तारेचुक | ४३ | सिमकोट ७ र ८ |
| २६ | कर्णाली | ५३ | ठेहे १,२ र ४ |
| २७ | कालढुंगा | ५७ | सिमकोट ९ |
| २८ | छिटंमु | ५८ | वरगाँउ ३ |
| २९ | दुधकुण्ड | ५९ | स्याडा १ र २ |
| ३० | चांला | ६१ | ठेहे ७, ८ र ९ |
| ३१ | सिमिकोट | ६२ | सिमकोट ५, ६ र ७ |
| ३२ | गुरगुरे | ६४ | स्याडा ४ , ५, ६ र ७ |
| ३३ | त्रिसुली लुठ्पे | ६५ | खार्पुनाथ ८ र ९ |
| ३४ | सुनखानी | ७० | स्याडा ३ |
| ३५ | खिरपानी | ७२ | राया १ |
| ३६ | चुटकिला | ७३ | ठेहे १ द्येखि ६ |
| ३७ | धौलापानी | ६ | रोडिकोट ४,५ र ६ |
| ३८ | मेल्छाम | ७ | मेल्छाम ३,४,५ र ६ |
| ३९ | मालिका | ९ | मेल्छाम७ र ८ |
| ४० | उनापानी | १० | सर्किदेउ ४ देखि ८ |
| ४१ | माझपातल | ११ | सर्किदेउ १ देखि ३ |
| ४२ | वांजपातल | १४ | साया ७,८ र ९ |
| ४३ | रोचा | १५ | मिमी १ र ३ |
| ४४ | विरधारा | १६ | साया ४ , ५ र ६ |
| ४५ | चंगार डाडीया | १७ | श्रीमष्ठा ७, ८ र ९ |
| ४६ | रिप | २१ | सर्किदेउ १,२,३ र ९ |
| ४७ | राहदेव | २४ | रोडिकोट १, २ र ३ |
| ४८ | घरमेली धनदुला समाज | २६ | साया २ र ३ |
| ४९ | पाक्सीवाडा | ३० | रोडिकोट ७,८ र ९ |
| ५० | धनधुला | ३१ | साया १ |
| ५१ | दहखोला | ३६ | गोठी १ र २ |
| ५२ | हिमाली | ४१ | सर्किदेउ १ र ३ |
| ५३ | साधेपानी | ४२ | गोठी ३ |
| ५४ | बाघेढुंगा | ४४ | दार्मा १ र २ |
| ५५ | जाडीकौसी | ४५ | दार्मा ७ देखि ९ |
| ५६ | स्यालीकोचेनी | ४६ | दार्मा ३ र ४ |
| ५७ | निक्ल | ४७ | श्रीमष्ठा ३ देखि ६ |

| | | | |
|---|---|---|---|
| ५८ | माईडाडा पानी नाउला | ५० | गाठी ४ |
| ५९ | खातीलेख चुकारी | ५१ | वराई ७,८ श्र ९ |
| ६० | रमिस्वारा | ५४ | दार्मा १ र २ |
| ६१ | लेप्चे डंसिले | ५५ | मेल्छाम १ द्येखि ९ |
| ६२ | गौरी पातल | ५६ | दार्मा ५ र ६ |
| ६३ | बाभ्रूपातल | ६३ | सर्किदेउ १ र २ |
| ६४ | कालपानी | ६७ | मिमि १ र २ |
| ६५ | सल्लेनी | ७५ | वराई १ देखि ६ |

## अनुसूची ५ : हुम्ला जिल्लाका जडिवुटी व्यापारीको विवरण

| सि. न | नाम | ठेगाना | सम्पर्क नम्बर |
|---|---|---|---|
| १ | कल्लने वुढा | गोठी | ९८४८३१६२५४ |
| २ | रामबहादुर भण्डारी | ठेहे | ९८५८३२११०० |
| ३ | छक्क बहादुर लामा | वरगाउ | ९८५११३७०६४ |
| ४ | विर्ख बहादुर रावल | राया | ९८४८३६४२५३ |
| ५ | सुरविर वुढा | गोठी | ९८४८३०९०५७ |
| ६ | फागुने महतरा | सर्किदेउ | ९८४८०१५७५३ |
| ७ | गुरू कार्की | सर्किदेउ | ९८४८३६४४७१ |
| ८ | पुर्ण रावल | साया | ९८५११९९४९५ |
| ९ | टीकाराम भण्डारी | ठेहे | ९८४८३४२९८३ |
| १० | ईगुल लामा | ख्यालगाउ | ९८४८३१८०२१ |
| ११ | छवी वुढा | मेल्छाम | ९८५८३२१०२५ |
| १२ | बर्ख बहादुर शाही | श्रीमष्ठा | ९८५११७९१७७ |
| १३ | भैरव तामांग | श्रीमष्ठा | ९८६०६८४८३९ |
| १४ | डवल वोहरा | राया | ९८४८३१७०४२ |
| १५ | हैस्त शाही | खार्पुनाथ | ९८४८१३१४६५ |
| १६ | अदान रावल | छिप्रा | |
| १७ | हरिजन शाही | खार्पूनाथ | ९८४८८२०६६९ |
| १७ | प्यारिलाल शाही | दार्मा | ९८५१०७१६१५ |
| १८ | नरजङ्ग ऐडी | मिमि | ९८६८३४१२०३ |
| १९ | दलबिर बुढा | मिमि | |
| २० | खड्के ऐडी | मिमि | ९८४८३१७०४५ |
| २१ | मन बहादुर बुढा | मेल्छाम | |
| २२ | जय ब. सिरा | मेल्छाम | ९८४८३१६४०१ |
| २३ | सुवास भण्डारी | ठेहे | ९८४९१९५७९३ |
| २४ | सुर्य लामा | ठेहे | ९८०६३१६०१२ |

| | | | |
|---|---|---|---|
| २५ | कालजाग लामा | | ९८४९६६०२०१ |
| २६ | दन्त भण्डारी | | ९७४८९२७७०४ |
| २७ | लाल रोकाया | | ९८४८३२६३२० |
| २८ | ज्योती फडेरा | | ९८६८२५३२०८ |
| २९ | गणेश वि.क. | | ९८४८३४१५४० |
| ३० | काली बहादुर वि.क. | | ९८४८३१७२०९ |
| ३१ | सन्देश रावल | | ९८४८३०९६४१ |
| ३२ | धनसिह वोहोरा | मदना | ९८४८१८८०८१ |
| ३३ | दिपक ऐडी | मदना | ९८४८३१६००६ |
| ३४ | धर्मराज ऐडी | रोडीकोट | ९८४८१६१०३३ |
| ३५ | तोप बहादुर लामा | खगालगाउ | ९८६८३६९४४४ |
| ३६ | धर्मराज बुढा | रोडीकोट | ९८६८११३३५४ |
| ३७ | गोरसिह रावल | राया | ९८४८३११३४९ |
| ३८ | तन्डुप लामा | | ९७४८०८७८१२ |
| ३९ | श्रप सिह रोकाया | | ९८४११०१२०३ |
| ४० | दोर्जे लामा | मुगु | ९८४८३०८०३४ |
| ४१ | बलविर शाही | डाडाफया | ९८४८३२८७२४ |
| ४२ | डवले बोहोरा | ठेहे | ९८४८३७७०४२ |
| ४३ | पेमा छिरिंग लामा | | ९८४८३३६६८० |
| ४४ | राम बहादुर रोकाया | राया | |
| ४५ | फोन्जोक लामा | ठेहे | |
| ४६ | गोर्ख रोकाया | | |
| ४७ | ठोगेल लामा | खगाल गाउँ | ९८२२४४३२२१ |
| ४८ | हर्क धन तामु | श्रीमष्ठा | |
| ४९ | खडक शाही | कालकि | ९८४८३०९०१४ |
| ५० | वृष सिह | दार्मा | ९८४८३०४५९७ |
| ५१ | श्यामजोर लामा | ठेहे | |
| ५२ | सन्जय बुढा | दार्मा | |

## अनुसूची ६ : नेपालगंजमा रहेका जडीबुटी व्यापारीहरु

| क्र.सं. | नामथर | ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|
| १ | किरण कुमार महतो | नेपालगंज | ०८१-५२०६६७ |
| २ | गरूंग खड्का | नेपालगंज | ०८१-५२१४०५ |
| ३ | जमिल अहमद | नेपालगंज | ०८१-५२३१४० |
| ४ | महमद यूनुस हलवाली | नेपालगंज | ०८१-५२०९२४ |
| ५ | महेश कुमार चौहान | नेपालगंज | ०८१-५२२८४८ |
| ६ | दिनेश सोनी | नेपालगंज | ०८१-५२५८२४ |
| ७ | दिल्लीराम सुवेदी | कैलाली | ०९१-५५००८४ |
| ८ | श्यामराम भट्ट | कन्चनपुर | ०९९-५२३६६३ |
| ९ | कल्पना नेपाल | वर्दिया | ९८४८०२०३२५ |
| १० | महमत सलिम हल्वाई | नेचुरलगुड स्टोर | ०८१-५२२३३८,९८६८१८५९६७ |
| ११ | अब्लाद अभाद अन्सारी | इकराहप ईन्टरप्राईजेज | ०८१-५२१२४५,५२४२८१,९८५८०२१०६१ |
| १२ | अब्दुल सबिर | नेपालगंज | ०८१-५२२३३९,९८०४५०६९३० |
| १३ | दुर्गा | नेपालगंज | ९८५८०२०५६९ |
| १४ | दिनेश सोनी | हाजी किराना स्टोर एण्ड युरोट्रेडिङ्ग | ९८५८०२०१७९ |
| १५ | निरज अन्सरी | निराज ईन्टरप्राईज नेपालगंज | ०८१-५२१५४१ |
| १६ | नुरिन्डीन अन्सारी | नेपालगंज | ९८०४५०५९१० |
| १७ | अनिल के मितल | मितलकर्पोरेट | ०८१-५२०४८१ |
| १८ | सिन्की टेडकन्सन | सिन्की टेडकन्सन | ०८१-५२१३८१ |
| १९ | अखतअलि हल्वाई | सोना हर्वल ट्रेड | ०८१-५२३१९० |
| २० | न्यु निसा ईन्टरप्राईजेज | न्यु निसा ईन्टरप्राईजेज | ०८१-५२३२४० |
| २१ | अमिश्रब्दी मिस्ट् | एभरेष्ट ईन्टरप्राईजेज | ०८१-५२०२६९ |
| २२ | महोमतहुसेन | हसन हर्बल ईन्डस्ट्रिज | ९८४८०२५०८२,०८१_५२२१०३ |
| २३ | सकिल अहमत सलिन | नेपाल हर्ब प्रोसेसिङ प्लान्ट | ०८१-५२१६११,९८५८०२१८६४ |
| २४ | सन्यय कुमार जेन | बहुबलि हर्बल ईसन एण्ड एक्स्ट्रा प्राईभेट लिमिटेड | ०८१-५२०८२९ |
| २५ | किरण कुमार महत्वो | नेपालगंज | ०८१-५२०६६७ |
| २६ | कल्पना नेपाल | बर्दिया | ९८४८०२०३२५ |
| २७ | जमिल अहमद | नेपालगंज | ०८१-५२३१४० |
| २८ | महमद यूनुस हलवाली | नेपालगंज | ०८१-५२०९२४ |
| २९ | महेश कुमार चोहान | नेपालगंज | ०८१-५२२८४८ |
| ३० | दिनेश सोनी | नेपालगंज | ०८१-५२५८२४ |
| ३१ | दिल्लीराम सुवेदी | कैलाली | ०९१-५५००८४ |
| ३२ | श्यामराम भट्ट | कन्चनपुर | ०९९-५२३६६३ |

## अनुसूची ७ :काठमाण्डौंका जडीबुटी व्यवसायीकहरु को ठेगाना,सम्पर्क नम्बर

| क्र.सं. | कम्पनीको नाम | सम्पर्क व्यक्ति | इमेल ठेगना | टेलिफोन नम्बर |
|---|---|---|---|---|
| १ | अन्नपूर्ण हर्बल कम्पनी | याम बाम | abc@wlink.com | १–४४२८०४ |
| २ | द अर्गानिक भिलेज प्राइभेट लिमिटेड | समिर नेवाः | | १–४४२५३९३ |
| ३ | हिमालयन बायो ट्रेडप्राइभेट लिमिटेड | पर्वत गुरूङ (MD) | info@himalayanbayotrade.com | १–४२८२०४५, ४४२८७७३, |
| ४ | गोर्खा एक्जिम प्राइभेट लिमिटेड | रामहरी सुवेदी | info@gorkhaexim.com | १–४३५७७१७ |
| ५ | चैाधरी बाइजीस नेपाल लिमिटेड | ललित के बैदिया, कैलाश शर्मा | lalit.vaidya@chaud-harigroup.com | ९८४६०३१५७२ |
| ६ | सुरी हर्बल प्रोडक्ट्स इन्डस्ट्रिज | सुरी आर हिमाल | suri@herbal.wlink.com.no | १–६६३३६०५ |
| ७ | हिमालयन स्पेसल हर्ब्स इन्डस्ट्रिज प्राइभेट लिमिटेड | भवना घिमिरे | hiskolnepal@yahoo.com | १–६६३४३८८ |
| ८ | ससी ओभरसिज इन्टरप्राइजेज | शशी मिलन कक्षपति | smeelan@wlink.com.no | १–४४२९९२४ |
| ९ | कस्मस हर्बल प्रोडक्ट प्राइभेट लिमिटेड | राजेन्द्र सिंह पेन | cosmserb@mos.com.nn | १–४४२६५५६ |
| १० | नेपाल मेन्था प्रोडक्ट प्राइभेट लिमिटेड | | npmentha@wlink.com.np | १–४२१८३३५ |
| ११ | समबाला हर्बल एण्ड एरोमेटीक इन्डस्ट्रिज प्राइभेट लिमिटेड | डा.कृष्ण अमात्य | amatya@sabhala.wlink.com.np | १–४४७४८८५ |
| १२ | हर्बो नेपाल प्रोसेसिङ इन्डस्ट्रिज | मीसक श्रेष्ठ | hnenal@hntmail.com | १–४२६२३५४ |
| १३ | युनिक हिमालयन हर्बल इन्टरनेशनल | रन बहादुर रवाल | www.herbsonweb.com | १–४४९४५१४ |
| १४ | डाबरनेपाल प्राइभेट लिमिटेड | कासी नाथ | Nepal@dabur.wlink.com.np | १–४४७८०१० |
| १५ | सिद्धार्थ हर्बल इन्डस्ट्रिज | दुर्गा राज भट्टराई | Shi@ntc.net.np | १–४४९२१७४ |
| १६ | नुट्री सफे | | | १–२५८४२७ |
| १७ | ब्लु बेल हर्बल प्रोडक्ट्स | रिद्धी अमात्य | Bhpro@wlink.com.np | १–६६१२९९८ |
| १८ | हर्बो मेडिको इम्पेक्स | | | १–४२१८१८२ |
| १९ | एनएनहर्बल इन्डस्ट्रिज | | Harati@ccsl.com.nn | १–४२८५८०७ |
| २० | लाग्रीनहर्बल | | | १–४२४०३८१ |
| २१ | नेपाल सल सिध वाइल प्राइभेट लिमिटेड | | tmdugar@info.com.np | १–४२२५००९ |
| २२ | हिमालयन हर्बल एन्ड फुड ट्रेड | अमृत गिरी | | १–५२६४५७ |
| २३ | कुलानी हर्बल प्रोसेसिङ प्राइभेट लिमिटेड | भरतकुमार बस्नेत | | २५–६६२०७० |

| | | | | |
|---|---|---|---|---|
| २४ | एभरेस्ट हर्बल प्रोसेसिङ प्राइभेट लिमिटेड | एण्तु श्रेष्ठ | eph@info.com.np | १-४७८१७६९ |
| २५ | बाहुबली हर्बल इसेन्स एण्ड यास्टाक प्राइभेट लिमिटेड | सन्जयकुमार जैन | jainbahubali@wlink.com.np | १-५२०८२९ |
| २६ | खप्तड अरोमा इन्डस्ट्रिज | समीर ढुङ्गेल | khaptar@wlink.com.np | १-४४१४०५२ |
| २७ | नेचुरल रिसोर्स इन्डस्ट्रिज | | info@essentialnil.com.nn | १-४११०८६० |
| २८ | हिमालयनहर्बस | लैकु लामा | info@himalayanherbs.net | १-४४३२१९०, ९८५१०३३०८५ |
| २९ | एबरोड याक्स फुड कम्पनी | रामचन्द्र पौडेल | rampdl@yahoo.com | १-४३८२५०५, ९८५१०१६८८८ |

## अनुसुची ८ : खच्चड व्यवसायीको नाम

| क्र.सं. | नामथर | ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|
| १ | प्रकास बहादुर शाही | खार्पुनाथ | ९८४८३०९१३३ |
| २ | छबिलाल बुढा | मेलछाम | ९८५८३२१०२० |
| ३ | अनीपाल बुढा | रिमी | ९८६६८४८०४७ |
| ४ | दलविर बुढा | मिमी | ९८६८१८८३५६ |
| ५ | कुल रावत | सिमकोट | ९८६८०३०९४१ |
| ६ | जय रावत | सिमकोट | ९७४८९००३२१ |
| ७ | रामकृष्ण हमाल | छिप्रा | ९७४८९०३५३६ |
| ८ | लब ब.शाही | खार्पुनाथ | ९८६८६९०९१५ |
| ९ | नर भण्डारी | खार्पुनाथ | |
| १० | अर्जुन शाही | लाली | ९८४९५९९५३० |
| ११ | गोरसिं रावल | छिप्रा | |
| १२ | मान ब.शाही | लाली | |
| १३ | बिर थापा | मुगु | ९८६८६९४५२० |

## सन्दर्भ सामग्रीहरु


Adhikari K. (2012) *The exploitation of hardy plants in Nepal.* Retrieved from: http://hardyplantresources.org.uk/library/hardyplant/33b/p38.pdf

ANSAB (2003) *Commercially Important Non-Timber Forest Products (NTFPs) of Nepal*. Asia Network for Sustainable Agriculture and Bioresources, Kathmandu, Nepal.

Bhattarai N.K. (1997) *Traditional herbal medicines used to treat wounds and injuries in Nepal. Tropical Doctor*

*नेपालका प्रमुख जडीबुटीहरू को चिनारी* (२०६९), नेपाल हर्ब्स तथा हर्बल उत्पादक संघ

*गैरकाष्ठ वन पैदावार दिग्दर्शन* (२०६५), डब्लु डब्लु एफ नेपाल

श्रेष्ठ उत्तम बाबु र श्रेष्ठ सुजाता (२०६१), *नेपालका प्रमुख गैरकाष्ठ वन पैदावारहरू* । भुँडीपुराण प्रकाशन, काठमाडौं, नेपाल ।

वनस्पति विभाग (२०६०) *जडीबुटी सङ्कलन, संरक्षण, सम्वर्धन विधि । जडीबुटी परिचय माला-१, २ र ३* । नेपाल सरकार, वन तथा भू-संरक्षण मन्त्रालय, वनस्पति विभाग, थापाथली, काठमाडौं ।

Kunwar R.M., Nepal B.K., Kshetri H.B. (2006) *Ethnomedicine in Himalaya: a case study* from Dolpa, Humla, Jumla and Mustang districts of Nepal

Lama Y.C., S.K. Ghimire and Y. Aumeeruddy-Thomas (2001). *Medicinal Plants of Dolpo: Amchis' Knowledge and Conservation*. WWF Nepal Program, Kathmandu.

Rajbhandari K.R. (2001) *Ethnobotany of Nepal. Ethnobotanical Society of Nepal*, Kathmandu, Nepal.

Singh S., Yadav S., Sharma P., & Thapliyal A. (2012) *Betula utilis: A Potential Herbal Medicine*. International Journal of Pharmaceutical & Biological Archives

प्रकाशक

SIDC

स्नोल्याण्ड एकिकृत विकास केन्द्र
सिमकोट, हुम्ला
फोन नं: +९७७ ०८७ ६८००५९
फ्याक्स नं: +९७७ ०८७ ६८०२०८
इमेल: sidc.humla@gmail.com

सहयोगी

Good Neighbors International

गुड नेबर्स इन्टरनेशनल नेपाल
एकान्तकुना-१३, ललितपुर, नेपाल
पोष्ट बक्स: ८९७७, इपिसी १६०५, काठमाडौं, नेपाल
फोन नं: +९७७ १ ५५३८७५८, ५५२०४९३, ५५३२०४६/४७/५०
फ्याक्स: +९७७ १ ५५२४४७८
इमेल: ho.admin@goodneighbors.org
वेबसाइट: www.gnnepal.org